# सर्वसाधारणको राय माग गरिएको सम्बन्धी सूचना

## सूचना प्रकाशन मिति २०८२/०४/१६

राष्ट्रिय गुप्तचर (इन्टेलिजेन्स) तथा अनुसन्धानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार गरिएको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लेखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो उपर संलग्न ढाँचामा lawopmcm@gmail.com मा पन्ध्र दिनभित्र आफ्नो राय प्रतिक्रिया उपलब्ध गराइदिनुहुन सबै समक्ष सादर अनुरोध छ।

**विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम**

**राष्ट्रिय गुप्तचर (इन्टेलिजेन्स) तथा अनुसन्धानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव**

**१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरण**

- विद्यमान नेपाल विशेष सेवा ऐन, २०४२ धेरै संक्षिप्त भएको, संघीयताको कार्यान्वयन पश्चात विभागको कार्यबोझ र कार्यक्षेत्रमा भएको विस्तार एवं विभागको जिम्मेवारी, अधिकार, सेवामा रहने कर्मचारीको पद तथा श्रेणी, सेवा शर्त सुविधा, कामकारवाही र ईन्टेलिजेन्स कार्यप्रणाली आदिका सम्बन्धमा न्यूनतम र आधारभूत व्यवस्थाहरु पनि सम्बोधन नभएकोले समयानुकुल नयाँ विधेयक तर्जुमा गर्नु परेको हो ।

- नेपालको संविधानको धारा २६८ को उपधारा (१) अनुसार संघमा राष्ट्रिय अनुसन्धान विभाग रहने र उपधारा (४) मा राष्ट्रिय अनुसन्धान विभाग सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ भन्ने प्रावधान छ । संवैधानिक व्यवस्थाको मर्म र मान्यता अनुरुप राष्ट्रिय अनुसन्धान विभागको ऐन कानूनलाई समयानुकुल पुनरलेखन र परिमार्जन गर्न र राष्ट्रिय अनुसन्धान विभागको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा समय सापेक्ष व्यवस्था गर्नका निम्ति विधेयक तर्जुमा गर्नु परेको हो ।

- नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमको बुँदा नं. १६३ मा सुरक्षा निकायलाई समयानुकुल दक्ष, व्यवसायिक, आधुनिक र साधन स्रोत तुल्याईनेछ । डिजिटल सुरक्षा प्रणालीको विकास र विस्तार गरी राष्ट्रिय सुरक्षा व्यवस्थालाई प्रभावकारी र विश्वसनीय बनाईनेछ भन्ने व्यहोरा र बुँदा नं.१६७ मा आतंकवाद तथा संगठित अपराध, वित्तिय अपराध, मिटरव्याजी हिंसा, साइबर अपराध, लागु औषधको अवैध ओसारपसार र कारोबार लगायत सबै प्रकारका अपराधजन्य गतिविधि नियन्त्रणमा आधुनिक प्रविधिको उपयोग गरी सुरक्षा निकायलाई सक्षम बनाइनेछ भन्ने व्यहोराको साथै बुँदा नं.१७२ मा नेपाल प्रहरी, शसस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत सुरक्षाकर्मीलाई आधारभूत सुविधा सहितको भौतिक संरचनाको व्यवस्था गरिनेछ भन्ने नेपाल सरकारको नीति कार्यान्वयनका लागि समेत विधेयक तर्जुमा गर्नु परेको हो ।

## २. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव

राष्ट्रिय सुरक्षाको लागि संविधानले निर्धारण गरेको सीमाको अधिनमा रही राष्ट्रिय सुरक्षा चुनौतिहरुलाई प्राथमिकिकरण गरी सोही अनुकुलको कानूनी व्यवस्था, सांगठनिक संरचना एवं कार्यप्रणाली अवलम्बन गरिने हुँदा मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा सकारात्मक प्रभाव पर्न जाने अपेक्षा गरिएको छ ।

## ३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तिय प्रभाव

नेपालको संविधान र संघीय संरचना अनुरुप संगठनको सांगठनिक संरचना निर्माण, ईन्टेलिजेन्स सेवा विस्तार र प्रतिजासूसी संयन्त्र स्थापना गरी कार्य प्रारम्भ गर्नुपर्ने हुँदा विधेयकको व्यवस्थाबाट नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्न जाने देखिन्छ । यद्यपी मुलुकको राष्ट्रिय सुरक्षा र हित कायम गर्ने विषय प्राथमिक कार्य हुने हुँदा भविष्यमा पर्न जाने आर्थिक दायित्वलाई सुरक्षासँग तुलना गर्न सान्दर्भिक नहुने देखिन्छ । तसर्थ संगठन संरचनाभित्र हाल मौजुदा रहेको दरबन्दीबाट नै कार्यसम्पादन गर्ने परिकल्पना गर्नुका साथै अर्कोतर्फ प्राविधिक ईन्टेलिजेन्स मार्फत कामकारवाही गर्ने लक्ष्य राखिएको हुँदा अल्पकालिन रुपमा थप वित्तीय दायित्व बढ्न जाने देखिएता पनि स्रोत साधनको उच्चतम प्रयोग गरी न्यून आर्थिक व्ययभार कायम हुने तवरबाट विधेयकको कार्यान्वयन गरिने।

## ४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोग

- दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रबर्द्धन गर्ने र सवै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने कार्यमा विधेयकको कार्यान्वयन पश्चात थप प्रभावकारिता अभिबृद्धि हुने।
- ईन्टेलिजेन्स सेवा सबै कार्य क्षेत्रमा विस्तार हुने र विस्तारित कार्यक्षेत्रमा प्रवेश गर्न कानूनी रुपमा मार्ग प्रशस्त हुने।
- प्रविधिको प्रयोग, गोप्य अभियान सञ्चालन, सूत्र परिचालन, प्रमाण संकलन तथा सोधपुछ, सत्यापान लगायतका पेशागत कार्यका लागि कानूनी अधिकारको व्यवस्था भई कार्य सम्पादन प्रभावकारिता अभिवृद्धि हुने।
- भूराजनीतिक एवं सामरिक महत्वका लागि हुने संकास्पद गतिविधि तथा आतंकवाद, विद्युतीय अपराध, संगठित अपराध, लागुऔषध जस्ता सवै प्रकारका आपराधिक एवं अवाञ्छित गतिविधि नियन्त्रण एवं न्यूनिकरण गर्न सहज हुने।

## ५. विधेयकको व्यवस्थाबाट सुशासनमा पर्ने प्रभाव

राष्ट्रिय सुरक्षाको लागि संविधानले निर्धारण गरेको सीमाको अधिनमा रही राष्ट्रिय सुरक्षा चुनौतिहरुलाई प्राथमिकिकरण गरी भूराजनीतिक एवं सामरिक महत्वका लागि हुने गतिविधि तथा आतंकवाद, विद्युतीय अपराध, संगठित अपराध, लागुऔषध जस्ता सवै प्रकारका आपराधिक एवं अवाञ्छित गतिविधि नियन्त्रण एवं न्यूनिकरण हुने हुँदा सुशासन कायम गर्ने कार्यमा सकारात्मक प्रभाव पर्ने ।

## ६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग

नभएको ।

## ७. अन्य आवश्यक विषय

- यस विधेयकमा विशेष गरी संघीयताको कार्यान्वयन पश्चात विभागको कार्यबोझ र कार्य क्षेत्रमा भएको विस्तार बमोजिम विभागलाई तोकिएको जिम्मेवारी अनुरुप आधारभूत क्षेत्रमा ईन्टेलिजेन्स सेवाको विस्तार गरी राष्ट्रिय सुरक्षा कायम गर्न विभागलाई सोही अनुरुप काम कर्तव्य र अधिकारहरु तोकिएको । त्यसैगरी सेवामा रहने कर्मचारीको पद तथा श्रेणी सेवा शर्त सुविधा, काम कारवाही र ईन्टेलिजेन्स कार्यप्रणाली आदिका सम्बन्धमा न्यूनतम र आधारभूत व्यवस्थाहरु गरिएको छ ।
- प्रतिगुप्तचरी कार्यको व्यवस्था, प्रविधिको प्रयोग, गोप्य अभियान सञ्चालन, सूत्र परिचालन, प्रमाण संकलन तथा सोधपुछ, सत्यापान लगायतका पेशागत कार्यका लागि कानूनी अधिकारको व्यवस्था गर्नुका साथै कसूर तथा सजायलाई समय सापेक्ष प्रस्ताव गरिएको छ ।

# राष्ट्रिय गुप्तचर (इन्टेलिजेन्स) तथा अनुसन्धानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय हित, राष्ट्रिय एकता र स्वाधीनताको संरक्षण र संवर्धनका लागि गुप्तचरी तथा अनुसन्धान सम्बन्धी कार्य सम्पादन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "राष्ट्रिय गुप्तचर (इन्टेलिजेन्स) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन नेपालभर लागू हुनेछ र विभागको कार्यसम्पादन गर्न नेपाल वाहिर खटिने कर्मचारीलाई समेत लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "अख्तियारवाला" भन्नाले सेवाको पदमा नियुक्ति गर्न सक्ने अधिकारी सम्झनुपर्छ।

(ख) "अधिकृत" भन्नाले निरीक्षक र सो भन्दा माथिल्लो दर्जाका अधिकृत सम्झनुपर्छ।

(ग) "आवरणयुक्त कर्मचारी" भन्नाले सेवामा खुला प्रतियोगिताद्वारा र बढुवा बाहेकको नियुक्तिद्वारा पदपूर्ति गरिने कर्मचारी सम्झनुपर्छ।

(घ) "कर्मचारी" भन्नाले राष्ट्रिय गुप्तचर सेवाका कर्मचारी सम्झनुपर्छ।

(ङ) "कम्प्युटर डाटावेस" भन्नाले कम्प्युटर, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कमा प्रयोग गर्ने उद्देश्यले अक्षर, छवी, ध्वनि वा श्रव्य दृश्यमा औपचारिक तवरले तयार पारिँदै गरेको वा तयार गरिएको वा कम्प्युटर, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कद्वारा कम्प्युटरमा सुरक्षित गरिएको सूचना, ज्ञान तथा अवधारणा वा निर्देशनको समेतको अभिलेख सम्झनुपर्छ।

(च) "केन्द्रीय निर्देशन समिति" भन्नाले दफा १७ बमोजिमको केन्द्रीय निर्देशन समिति सम्झनुपर्छ।

(छ) "केन्द्रीय समन्वय समिति" भन्नाले दफा १८ बमोजिमको केन्द्रीय समन्वय समिति सम्झनुपर्छ।

(ज) "गुप्तचरी" भन्नाले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम सम्पादन गरिने पेशागत विशिष्टीकृत कार्य सम्झनुपर्छ र सो शब्दले प्रतिगुप्तचरी कार्य समेतलाई जनाउँछ।

(झ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ञ) "पदपूर्ति समिति" भन्नाले दफा २१ बमोजिमको पदपूर्ति समिति सम्झनुपर्छ।

(ट) “परिवार” भन्नाले कर्मचारीसँग बस्ने वा निजले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, छोरी, बाबु र आमा सम्झनुपर्छ र सो शब्दले विवाहित कर्मचारीको हकमा निजसँग बस्ने वा निजले पालनपोषण गर्नुपर्ने निजको सासु, ससुरालाई समेत जनाउँछ।

(ठ) “प्रतिगुप्तचरी” भन्नाले बाह्य राष्ट्र वा निकायबाट नेपाल राष्ट्रका विरुद्ध हुन सक्ने जासूसी गतिविधिलाई गोप्य रुपमा रक्षात्मक, प्रतिरक्षात्मक वा प्रतिकारात्मक कार्य मार्फत रोकथाम वा निस्तेज गर्न गरिने कार्य सम्झनुपर्छ।

(ड) “प्रधान कार्यालय” भन्नाले राष्ट्रिय अनुसन्धान विभागको प्रधान कार्यालयलाई सम्झनुपर्छ।

(ढ) “बढुवा समिति” भन्नाले दफा २९ बमोजिमको बढुवा समिति सम्झनुपर्छ।

(ण) “मन्त्रालय” भन्नाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनुपर्छ।

(त) “अनुसन्धान महानिरीक्षक” भन्नाले विभागीय प्रमुखलाई सम्झनुपर्छ।

(थ) “विभाग” भन्नाले दफा ६ बमोजिमको राष्ट्रिय अनुसन्धान विभाग सम्झनुपर्छ।

(द) “विशेष सुरक्षा समूह” भन्नाले दफा १११ बमोजिमको विशेष सुरक्षा ईकाई सम्झनुपर्छ।

(ध) “सूत्र” भन्नाले सूराक, खबर वा सूचना प्राप्त गर्नका लागि आवरणमा रहने गरी विभागले नियुक्त गरेको वा खटाएको व्यक्ति सम्झनुपर्छ।

(न) “सेवा” भन्नाले दफा ४ बमोजिमको राष्ट्रिय गुप्तचर सेवा सम्झनुपर्छ।

(न्न) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको जुनसुकै प्रकृतिको स्थायी आवासीय अनुमतिलाई जनाउँछ।

३. **राष्ट्रिय गुप्तचर (इन्टेलिजेन्स) सेवाका आधारभूत सिद्धान्तः** राष्ट्रिय गुप्तचर सेवा देहायका आधारभूत सिद्धान्त अनुरुप निर्देशित हुनेछः-

(क) मुलुकको स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय हितप्रति पूर्ण प्रतिवद्ध,

(ख) सूचनामा सेवाको सहज पहुँच र विश्वसनीय सूचना प्रवाह गर्ने नेतृत्व,

(ग) वैज्ञानिक र प्रामाणिक अनुसन्धान प्रणाली अवलम्बन,

(घ) अन्तरनिकाय समन्वय, सहकार्य र पारस्परिक सहयोग र

(ङ) निष्पक्षता र तटस्थतामा आधारित व्यवसायिक र विशिष्ट प्रकृतिको पेशागत सेवा।

## परिच्छेद - २

## सेवाको गठन, सेवामा रहने श्रेणी र पद

४. **राष्ट्रिय गुप्तचर सेवाको गठनः** (१) गुप्तचरी कार्य गर्नका लागि राष्ट्रिय गुप्तचर सेवा रहनेछ।

(२) राष्ट्रिय गुप्तचर सेवा समावेशी, व्यवसायिक, पेशागत र संघीय स्वरूपको हुनेछ।

५. **सेवामा रहने समूह, श्रेणी र पदः** (१) सेवामा विशिष्टिकृत कार्यप्रकृतिका आधारमा देहाय बमोजिमका समूह तथा उपसमूह रहनेछन्ः

(क) साधारण समूह

(ख) प्राविधिक समूह

(ग) विशेष सुरक्षा समूह

(२) देहाय बमोजिमका समूहमा देहाय बमोजिमका उपसमुह रहनेछनः-

(क) साधारण समुह

१. कानुन

२. लेखा

(ख) प्राविधिक तर्फ

१. सूचना सञ्चार तथा प्रविधि

२. सवारी व्यवस्थापन

३. मर्मत तथा सम्भार

(३) सेवाको साधारण र प्राविधिक समूहतर्फ देहाय बमोजिमका श्रेणी र पद रहनेछन्ः

(क) राजपत्राङ्कित श्रेणी पद

१. विशिष्ट श्रेणी - अनुसन्धान महानिरीक्षक, अनुसन्धान अतिरिक्त महानिरीक्षक

२. प्रथम श्रेणी - अनुसन्धान नायब महानिरीक्षक, अनुसन्धान बरिष्ठ उपरीक्षक

३. द्वितीय श्रेणी - अनुसन्धान उपरीक्षक, अनुसन्धान नायब उपरीक्षक

४. तृतीय श्रेणी - अनुसन्धान निरीक्षक

(ख) राजपत्र अनङ्कित श्रेणी पद

| | | |
|---|---|---|
| १. प्रथम श्रेणी | - | अनुसन्धान नायब निरीक्षक |
| २. द्वितीय श्रेणी | - | अनुसन्धान सहायक निरीक्षक |
| ३. तृतीय श्रेणी | - | अनुसन्धान हवल्दार |
| ४. चतुर्थ श्रेणी | - | अनुसन्धान जवान |

(४) सेवाको विशेष सुरक्षा समूहतर्फ देहाय बमोजिमका श्रेणी र पद रहनेछन्ः

(क) <u>राजपत्राङ्कित श्रेणी</u> <u>पद</u>

१. द्वितीय श्रेणी - अनुसन्धान नायब उपरीक्षक

२. तृतीय श्रेणी - अनुसन्धान निरीक्षक

(ख) <u>राजपत्र अनङ्कित श्रेणी</u> <u>पद</u>

१. प्रथम श्रेणी - अनुसन्धान नायब निरीक्षक

२. द्वितीय श्रेणी - अनुसन्धान सहायक निरीक्षक

३. तृतीय श्रेणी - अनुसन्धान हवल्दार

४. चतुर्थ श्रेणी - अनुसन्धान जवान

(५) श्रेणी विहीनः हलुका सवारी चालक, कार्यालय सहयोगी र परिचर वा सो सरह।

(६) सेवाको श्रेणी विहीन पदमा देहाय बमोजिमका स्तर रहने छन्ः-

(क) प्रथमस्तर

(ख) द्वितीयस्तर

(ग) तृतीयस्तर

(घ) चतुर्थस्तर

(ङ) पाँचौस्तर

(७) श्रेणी विहीन पदको स्तरवृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ३

## <u>संगठन संरचना,काम, कर्तव्य र अधिकार</u>

६. **<u>राष्ट्रिय अनुसन्धान विभाग</u>**ः (१) यस ऐनमा उल्लिखित कार्य सञ्चालन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत राष्ट्रिय अनुसन्धान विभाग रहनेछ।

(2) उपदफा (१) बमोजिमको विभागले प्रधान कार्यालयको रुपमा काम गर्नेछ।

(3) विभागको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(4) अनुसन्धान महानिरीक्षक विभागको प्रमुख कार्यकारी हुनेछ र निजले विभागको व्यवस्थापकीय एवं प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्य गर्नेछ।

(5) विभागको सङ्गठन संरचना र दरबन्दी नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(6) विभाग मातहत प्रदेश, जिल्ला तथा आवश्यकता अनुसार अन्य तोकिए बमोजिमका विशिष्टीकृत कार्यालयहरु रहनेछन्।

७. **<u>विभागको काम, कर्तव्य र अधिकार</u>**ः (१) दफा १२ को उपदफा (१) बमोजिमको विषयमा आवश्यक सूचनामा पहुँच, सङ्कलन, विश्लेषण र सम्प्रेषण गर्नु तथा अनुसन्धान गर्नु विभागको प्रमुख काम,कर्तव्य र अधिकार हुनेछ।

(२) उपदफा (१) को प्रतिकूल नहुने गरी विभागले देहायका विषयमा सूचना सङ्कलन, विश्लेषण र सम्प्रेषण तथा अनुसन्धानको कार्य गर्नेछः -

(क) नेपालको संविधान वा नेपाल राज्य विरुद्ध हातहतियार उठाउने वा राज्य विप्लव सम्बन्धी गतिविधि,

(ख) राष्ट्रिय एकता र मेलमिलाप तथा जातीय, धार्मिक सहिष्णुतामा खलल पार्ने, हिंसा, घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने गतिविधि,

(ग) राष्ट्रिय हित विपरीतका अवाञ्छित गतिविधि,

(घ) विखण्डनकारी कार्य, सशस्त्र, भूमिगत वा अर्धभूमिगत संघ, सङ्गठनका गतिविधि,

(ङ) अन्तरसीमा, सीमा अतिक्रमण, सीमावर्ती क्षेत्रको भौतिक तथा भू-सामरिक र भू-राजनीतिक स्थिति तथा नेपालको जल, जमिन र आकाशको अतिक्रमण एवं अन्तर्देशीय अपराध सम्बन्धी गतिविधि ,

(च) मुलुकको प्राकृतिक स्रोत तथा साधन, राष्ट्रिय सम्पत्ति, राष्ट्रिय तथ्याङ्क प्रणाली र नेपाली नागरिकको सुरक्षा विपरीतका गतिविधि,

(छ) नेपाल राष्ट्र विरुद्ध हुन सक्ने जासूसी (एस्पिअनज), अन्तरध्वंश (स्याबोटाज) र कुनै पनि आस्था वा प्रणाली नष्ट गर्नका लागि सैद्धान्तिक विचलन ल्याउने भड्काउपूर्ण (सबभर्सन) सम्बन्धी गतिविधि,

(ज) नेपाल राष्ट्र विरुद्ध अन्य मुलुक, संघ, संस्था र व्यक्तिलाई कुनै प्रकारबाट सहयोग पुऱ्याउने गतिविधि,

(झ) अन्य मुलुकका विरुद्ध नेपालभित्र हुने कुनै किसिमको कार्य तथा अन्तर्राष्ट्रिय संघ, संस्था र कूटनीतिक नियोगको सुरक्षा व्यवस्थामा आँच पुग्ने गतिविधि,

(ञ) मुलुकभित्र संचालित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट हुन सक्ने अवाञ्छित गतिविधि,

(ट) गम्भीर प्रकृतिका अपराधमा क्रियाशील राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सञ्जालहरुको क्रियाकलाप, आतङ्कवाद, सङ्गठित अपराध तथा गैरकानूनी आप्रवासी सम्बन्धी गतिविधि,

(ठ) सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट हुन सक्ने साइबर अपराध सम्बन्धी गतिविधि,

(ड) अतिविशिष्ट र विशिष्ट व्यक्तिको सुरक्षा तथा खतरा मूल्याङ्कन,

(ढ) स्वदेशी तथा विदेशी व्यक्तिको सत्यापन (भेरिफिकेशन) तथा अध्यागमन सम्बन्धी गतिविधि,

(ण) प्रतिबन्धित वस्तु वा सामरिक महत्त्वको वस्तुको अवैध ओसारपसार वा कारोबार सम्बन्धी गतिविधि,

(त) भ्रष्टाचार, आर्थिक अनियमितता, राजस्व चुहावट, सम्पत्ति शुद्धीकरण, प्रविधिको प्रयोगबाट हुन सक्ने आर्थिक एवं वित्तीय अपराध लगायत अर्थतन्त्रलाई नकारात्मक असर पुर्‍याउने गतिविधि,

(थ) मानव बेचबिखन, लागू पदार्थको उत्पादन, ओसारपसार वा कारोबार, संरक्षित वन्यजन्तु वा वनस्पति तथा आखेटोपहार तथा हातहतियार खरखजाना वा विष्फोटक पदार्थको ओसारपसार,

(द) समसामयिक परिस्थिति, घटना वा नेपाल सरकारले जानकारी लिन चाहेको सार्वजनिक चासो र महत्त्वको विषय,

(ध) नेपाल सरकारले तोके बमोजिमका अन्य विषय।

(३) विभागले उपदफा (१) र (२) बमोजिमका सूचना सङ्कलन वा अनुसन्धान गर्ने क्रममा आवश्यकता अनुसार कुनै पनि व्यक्तिसँग सोधपुछ गरी सूचना प्राप्त गर्न सक्नेछ र त्यस्तो व्यक्ति कुनै अधिकारीको नियन्त्रणमा रहेको भए त्यस्तो अधिकारीको अनुमति प्राप्त गरी त्यस्तो व्यक्तिसँग पनि सोधपुछ गरी सूचना सङ्कलन गर्न सक्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम कामको सिलसिलामा अधिकृत कर्मचारीले आफ्नो परिचय पत्र देखाई कुनै पनि कार्यालय, संघ, संस्था वा व्यक्तिको स्वामित्वमा रहेको स्थान, भवन, घर वा सवारी साधन वा यान्त्रिक उपकरण रहेको स्थानमा प्रवेश गरी वा पहुँच कायम गरी सूचना तथा प्रमाण सङ्कलन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम कुनै स्थान, भवन, घर वा सवारी साधनमा वा यान्त्रिक उपकरण रहेको स्थानमा प्रवेश गर्नु अघि सोको धनी वा सो सम्बन्धी अधिकार प्राप्त व्यक्ति वा पदाधिकारीलाई लिखित सूचना दिनु पर्नेछ।

(६) विभागले गुप्तचरी तथा अनुसन्धान कार्य सम्पादन गर्दा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) वा रोबोटिक्स जस्ता नविनतम प्रविधिको पनि प्रयोग गर्न सक्नेछ।

(७) उपदफा (१), (२), (३), (४) र (६) बमोजिम प्राप्त सूचना विभागले अध्ययन तथा विश्लेषण गरी सोको प्रतिवेदन प्रधानमन्त्री र आवश्यकता अनुसार सम्बन्धित निकायको प्रमुख समक्ष पठाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम प्राप्त प्रतिवेदनको कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित निकायको प्रमुखको हुनेछ।

(९) राष्ट्रिय सुरक्षाको दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिने विषय प्रधानमन्त्री समक्ष लिखित वा मौखिक रुपमा जुनसुकै बखत पेश गर्नेछ।

८. **वार्षिक प्रतिवेदन**: (१) विभागले आफूले सम्पादन गरेका मुख्य कामको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रधानमन्त्री समक्ष पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त विभागले प्राप्त गरेका प्रमुख उपलब्धीहरु, सम्पादन गरेका मुख्य कार्यहरु, समस्या, भावी रणनीति तथा गुप्तचरी र अनुसन्धानका क्षेत्रमा गर्नुपर्ने सुधारका विषय समेत उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन सार्वजनिक गरिने छैन।

९. **गोप्य राख्नु पर्ने**: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले सङ्कलन गरेको सूचना, अनुसन्धान कार्य र सम्पादित काम गोप्य रहनेछ।

(२) उपदफा (१) बमोजिमको सूचना तथा प्रतिवेदन अधिकार प्राप्त अधिकारीलाई बाहेक अन्य व्यक्तिलाई दिनु हुँदैन।

(३) उपदफा (२) बमोजिम अधिकार प्राप्त अधिकारीले विभागबाट प्राप्त गरेको सूचना वा प्रतिवेदनको गोप्यता कायम राख्नु पर्नेछ।

१०. **अनुसन्धान महानिरीक्षकको काम, कर्तब्य र अधिकार**: (१) अनुसन्धान महानिरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय हित, राष्ट्रिय एकता र स्वाधीनताको रक्षा र आन्तरिक सुरक्षा विरुद्धका क्रियाकलापमा संलग्न समूह वा व्यक्तिका गतिविधि उपर निगरानी गर्ने वा गराउने,

(ख) गुप्तचरी तथा अनुसन्धान सम्बन्धी कार्य तथा सूचनाको सुरक्षा, समन्वय र सञ्चार सञ्जालको व्यवस्थापन गर्ने,

(ग) समान उद्देश्य भएका विदेशी वा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क र सम्बन्ध कायम गर्ने,

(घ) विभाग र सो मातहतका सबै कार्यालयको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने,

(ङ) विभागको रणनीति र सुधार कार्ययोजना तयार गरी त्यस सम्बन्धमा समय समयमा समीक्षा गर्ने,

(च) विभागलाई प्राप्त जिम्मेवारी पूरा गर्न विभिन्न मन्त्रालय, विभाग वा अन्य सरकारी निकायसँग समन्वय, सञ्चार र सहकार्य गर्ने,

(छ) सेवाको सञ्चालन, रेखदेख र नियन्त्रण सम्बन्धी नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने,

(ज) सेवाका कर्मचारीको क्षमता विकास, उत्प्रेरणा, वृत्तिविकास र मनोबल बढाउने सम्बन्धी कार्य गर्ने,

(झ) राष्ट्रिय सुरक्षा स्थितिको मूल्याङ्कन र प्रतिवेदन गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) उपदफा (१) को खण्ड (क) र (ख) र दफा १५ बमोजिमका कार्य सम्पादनको क्रममा आवश्यक निर्देशन जारी गर्ने विशेषाधिकार अनुसन्धान महानिरीक्षकलाई हुनेछ र त्यस्तो निर्देशन गोप्य रहने छ।

११. **<u>राष्ट्रिय गुप्तचर सेवाका कर्मचारीको काम, कर्तव्य र अधिकार</u>**: राष्ट्रिय गुप्तचर सेवाका कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खटिएको स्थानमा गई आफूलाई तोकिएको जिम्मेवारी पूरा गर्ने,

(ख) आचरण तथा अनुशासनमा रहने तथा आफूभन्दा माथिल्लो अधिकारीले दिएको आदेश पालना गर्ने,

(ग) आफूलाई सुम्पिएको काम प्रति सचेत र सतर्क रहने,

(घ) यो ऐन र यस ऐन अन्तर्गत बनेका कानून बमोजिम तोकिएका अन्य काम गर्ने।

## परिच्छेद - ४

## <u>गुप्तचरी तथा अनुसन्धान सम्बन्धी कार्य</u>

१२. **<u>गुप्तचरी तथा अनुसन्धान सम्बन्धी कार्य</u>**: (१) नेपाल सरकारले मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय हित, राष्ट्रिय एकता र स्वाधीनताको संरक्षण र संवर्धनका लागि आन्तरिक र वाह्य गुप्तचरी तथा अनुसन्धान कार्य गराउनेछ।

(२) उपदफा (१) बमोजिमको कार्य विभागले गर्नेछ।

(३) नेपाल सरकार वा विभागको अनुमतिविना उपदफा (१) बमोजिमको गुप्तचरी सम्बन्धी कार्य कसैले गर्न वा गराउन हुँदैन।

१३. **<u>अनुसन्धान गर्न सक्ने</u>**: (१) दफा १२ को उपदफा (१) बमोजिमको कार्यसम्पादन गर्दा सूचनामा पहुँच, सङ्कलन, प्रशोधन, अध्ययन तथा विश्लेषण गरी अनुसन्धान गर्ने वा प्रमाण सङ्कलन गर्न सक्नेछ।

(२) विभागले कुनै संघ, संस्था, समूह वा व्यक्तिले नेपाल राज्य विरुद्ध वा राष्ट्रिय सुरक्षा, सरोकार वा चासोसँग सम्बन्धित विषयमा सूचना सङ्कलन गर्न वा गराउन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम कार्य गर्नका लागि विभागले सेवाको कुनै अधिकृतलाई तोक्न सक्नेछ।

१४. **<u>प्रतिगुप्तचरी सम्बन्धी कार्य</u>**: (१) प्रतिगुप्तचरी (काउन्टर इन्टेलिजेन्स) सम्बन्धी कार्य गर्नका लागि विभाग मातहत दफा ६ को उपदफा (६) बमोजिम एक विशिष्टीकृत कार्यालय रहनेछ।

(२) प्रतिगुप्तचरी सम्बन्धी कार्य आवश्यकता अनुसार रक्षात्मक, प्रतिरक्षात्मक वा प्रतिकारात्मक हुनेछ।

(३) यस दफा बमोजिम गरिने कार्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **<u>सूचना सङ्कलन सम्बन्धी विशेष व्यवस्था</u>**: (१) दफा १२ को उपदफा (१) बमोजिमको कार्य गर्दा अन्य माध्यमबाट सूचना सङ्कलन गर्न सम्भव नभएमा र त्यस्तो सूचना तत्काल सङ्कलन नगरेमा मुलुकलाई गम्भीर हानी नोक्सानी हुने कुरामा अनुसन्धान महानिरीक्षक विश्वस्त भएमा निजले कुनै संदिग्ध व्यक्ति, संघ, संस्थाबाट सञ्चार माध्यम वा अन्य माध्यमबाट भएका कुराकानी, श्रव्य, दृश्य वा विद्युतीय सङ्केत वा विवरणलाई निगरानी वा अनुगमन गर्न वा इन्टरसेप्सन गरी त्यस्तो

अभिलेखीकरण गर्न आफ्नो प्रत्यक्ष निगरानीमा मातहतको कुनै अधिकारीलाई लिखित रुपमा आदेश दिन सक्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "इन्टरसेप्सन" भन्नाले जुनसुकै प्रकारको सञ्चार सञ्जाललाई अनुगमन वा निगरानी गरी आवश्यकता अनुसार सूचना प्राप्त गर्ने कार्य सम्झनुपर्छ।

(२) उपदफा (१) बमोजिम कार्य गर्नका लागि विभागले अन्य सरकारी निकाय वा सार्वजनिक निकायमा रहेका कम्प्युटर डाटावेस प्रणालीलाई विभागको कम्प्युटर डाटावेस प्रणालीमा आवद्ध गरी पढ्न मात्र सकिने गरी (रिड वन्ली) पहुँच प्राप्त गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम अनुसन्धान महानिरीक्षकबाट भएको आदेश बमोजिम सम्बन्धित अधिकारीले सञ्चार अभिलेखीकरण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम तत्काल सञ्चार अभिलेख गर्ने आदेश दिँदा सम्बन्धित व्यक्ति वा संस्थालाई कुनै प्रकारको अवरोध नहुने गरी अभिलेख गर्न सम्बन्धित अधिकारीलाई र त्यस्तो अधिकारीलाई सञ्चार इन्टरसेप्सन गर्ने काममा आवश्यक सहयोग गर्न सम्बन्धित सञ्चार सेवा सञ्चालक वा सो व्यवसायको धनी वा सम्बन्धित अन्य व्यक्तिलाई अनुरोध गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम अनुरोध भएकोमा त्यस्तो अधिकारीलाई सम्बन्धित सेवा प्रदायक वा व्यवसायी वा सेवा सञ्चालन गर्ने व्यक्तिले इन्टरसेप्सन गर्न सहयोग गर्नु निजको कर्तव्य हुनेछ।

(६) यस दफा बमोजिम प्राप्त विवरण, सङ्केत वा सूचनालाई अनुसन्धान महानिरीक्षकले आफ्नो प्रत्यक्ष निगरानीमा सुरक्षित राख्नु पर्नेछ।

(७) यस दफा बमोजिम प्राप्त भएको विवरण, सङ्केत वा सूचना जुन प्रयोजनको लागि प्राप्त गरिएको हो सोही प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्नेछ र त्यस्तो विवरण, सङ्केत वा सूचना अन्य प्रयोजनको लागि कुनै निकाय वा अधिकारीलाई उपलब्ध गराइने छैन।

(८) यस दफा बमोजिम सङ्कलन भएको विवरण, सङ्केत वा सूचना अन्य प्रयोजनका लागि प्रमाण लाग्ने छैन।

(९) सूचना सङ्कलन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. **गोप्य अभियान सञ्चालन र सूत्र परिचालनः** (१) विभागले यस ऐन बमोजिम आफ्नो जिम्मेवारी पूरा गर्दा मुलुकभित्र र आवश्यकता अनुसार मुलुक बाहिर गोप्य अभियान सञ्चालन गर्न, स्थायी वा अस्थायी सूत्रको छनौट गर्न वा सूत्र परिचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने अभियान सञ्चालन, सूत्रको छनौट वा सूत्र परिचालन सम्बन्धी विवरण गोप्य रहनेछ।

(३) नेपाल सरकारले उपदफा (१) बमोजिमको कार्य सञ्चालन गर्न चाहिने आवश्यक खर्च विभागलाई उपलव्ध गराउनेछ।

(४) उपदफा (३) बमोजिम उपलव्ध भएको रकम उपदफा (१) बमोजिमको कार्यमा खर्च गर्न अनुसन्धान महानिरीक्षकको अध्यक्षतामा तोकिएका पदाधिकारी सहितको गोप्य अभियान तथा सूत्र परिचालन समिति रहनेछ।

(५) उपदफा (४) बमोजिमको समितिले गरेको खर्चको छुट्टै विवरण राखी अनुसन्धान महानिरीक्षकबाट प्रमाणित गराउनु पर्नेछ।

(६) विभागले सञ्चालन गर्ने कुनै गोप्य अभियानको सिलसिलामा आवश्यक पर्ने भौतिक संरचना, सञ्चार साधन, सवारी साधन वा अन्य खर्च अनुसन्धान महानिरीक्षकले तोकिए बमोजिम प्रमाणित गर्नेछ।

(७) उपदफा (५) वा (६) बमोजिम अनुसन्धान महानिरीक्षकबाट प्रमाणित भएको खर्चको विवरणको आधारमा महालेखा परीक्षकबाट अन्तिम लेखापरीक्षण हुनेछ।

(८) गोप्य अभियान सञ्चालन र सूत्र परिचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ५

## केन्द्रीय निर्देशन समिति र केन्द्रीय समन्वय समिति

१७. **केन्द्रीय निर्देशन समिति**: (१) गुप्तचरी तथा अनुसन्धान कार्यका सम्बन्धमा समयानुकूल नीति निर्माण गर्न, विभागको कार्य सम्पादनको समिक्षा तथा मूल्याङ्कन गर्न तथा विभागलाई आवश्यक निर्देशन दिन देहायको केन्द्रीय निर्देशन समिति रहनेछः-

| | | | |
|---|---|---|---|
| (क) | प्रधानमन्त्री | - | अध्यक्ष |
| (ख) | गृह मन्त्री | - | सदस्य |
| (ग) | परराष्ट्र मन्त्री | - | सदस्य |
| (घ) | रक्षा मन्त्री | - | सदस्य |
| (ङ) | नेपाल सरकारको मुख्य सचिव | - | सदस्य |
| (च) | अनुसन्धान महानिरीक्षक | - | सदस्य-सचिव |

(२) केन्द्रीय निर्देशन समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) केन्द्रीय निर्देशन समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ।

(४) केन्द्रीय निर्देशन समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित मन्त्री, अधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) केन्द्रीय निर्देशन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१८. **केन्द्रीय समन्वय समिति**: (१) विभागले सम्पादन गर्ने काममा आवश्यक समन्वय र सहजीकरण गर्न देहायको केन्द्रीय समन्वय समिति रहनेछः-

| | | | |
|---|---|---|---|
| (क) | नेपाल सरकारको मुख्य सचिव | - | संयोजक |

(ख) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(सम्बन्धित विषय हेर्ने) - सदस्य

(ग) सचिव, गृह मन्त्रालय - सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ङ) सचिव, परराष्ट्र मन्त्रालय - सदस्य

(च) सचिव, रक्षा मन्त्रालय - सदस्य

(छ) अनुसन्धान महानिरीक्षक - सदस्य-सचिव

(२) केन्द्रीय समन्वय समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) केन्द्रीय समन्वय समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ।

(४) केन्द्रीय समन्वय समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञ वा अधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

(५) केन्द्रीय समन्वय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद - ६

## सेवाको पदपूर्ति

१९. पदपूर्तिः (१) सेवाको देहायको पदमा देहाय बमोजिम पूर्ति गरिनेछः-

**(क) साधारण समूह**

| पद | खुल्ला | आवरण | बढुवा |
|---|---|---|---|
| (१) श्रेणी विहिन | ५० प्रतिशत | ५० प्रतिशत | |
| (२) अनुसन्धान जवान | ५० प्रतिशत | ५० प्रतिशत | |
| (३) अनुसन्धान हवल्दार | | | १०० प्रतिशत |
| (४) अनुसन्धान सहायक निरीक्षक | ३० प्रतिशत | २० प्रतिशत | ५० प्रतिशत |
| (५) अनुसन्धान नायब निरीक्षक | | | १०० प्रतिशत |
| (६) अनुसन्धान निरीक्षक | ६० प्रतिशत | | ४० प्रतिशत |
| (७) अनुसन्धान नायब उपरीक्षक र सोभन्दा माथिल्लो तहका पद | | | १०० प्रतिशत |

**(ख) प्राविधिक समूह**

| पद | खुल्ला | बढुवा |
|---|---|---|
| (१) अनुसन्धान नायब निरीक्षक | १०० प्रतिशत | |
| (२) अनुसन्धान निरीक्षक | ५० प्रतिशत | ५० प्रतिशत |
| (३) अनुसन्धान नायब उपरीक्षक र सोभन्दा माथिल्लो तहका पद | | १०० प्रतिशत |

**(ग) विशेष सुरक्षा समूह**

| पद | खुल्ला प्रतियोगिता | बढुवा |
|---|---|---|
| (१) अनुसन्धान जवान | १०० प्रतिशत | |
| (२) अनुसन्धान हवल्दार | | १०० प्रतिशत |
| (३) अनुसन्धान सहायक निरीक्षक | ४० प्रतिशत | ६० प्रतिशत |
| (४) अनुसन्धान नायव निरीक्षक देखि अनुसन्धान नायब उपरीक्षक सम्म | | १०० प्रतिशत |

(२) उपदफा (१) बमोजिमको पदको योग्यता, भर्ना छनौट, नियुक्ति र बढुवा तोकिए बमोजिम हुनेछ।

२०. **<u>पदपूर्ति सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) सेवाको पदमा कर्मचारी नियुक्ति गर्दा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई नियुक्ति गरिनेछः-

(क) महिला - बीस प्रतिशत

(ख) आदिवासी / जनजाति - सत्ताइस प्रतिशत

(ग) मधेशी - चौबीस प्रतिशत

(घ) दलित - पन्ध्र प्रतिशत

(ङ) थारु - पाँच प्रतिशत

(च) मुस्लिम - चार प्रतिशत

(छ) पिछडिएको क्षेत्र - पाँच प्रतिशत

**<u>स्पष्टीकरण</u>**: यस उपदफाको प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले नेपाल सरकारले पिछडिएको क्षेत्र भनी तोके बमोजिमका क्षेत्रहरु सम्झनुपर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै व्यक्तिले सो उपदफा बमोजिमका एकभन्दा बढी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने निजले रोजेको कुनै एउटा समूहबाट मात्र यस दफा बमोजिम प्रतिस्पर्धा गर्न पाउनेछ।

(३) उपदफा (१) बमोजिम छुट्याइएको पदमा उम्मेदवार हुन चाहने व्यक्तिले आफूले बुझाउने दरखास्त फारामसाथ आफूसँग सम्बन्धित समूहको व्यक्ति भएको प्रमाणित हुने कागजात संलग्न गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घताङ्क (फ्र्याक्सन) आएमा त्यस्तो घताङ्क जुन समूहको हकमा आएको हो सोभन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ।

(५) उपदफा (१) बमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक सङ्ख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी पदपूर्ति हुन नसकेमा त्यस्तो पद सोही विज्ञापनबाट नै खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरिनेछ।

(६) यस दफा बमोजिमको सुविधा सेवा अवधिभरमा एक पटक मात्र लिन पाउनेछ।

२१. **पदपूर्ति समिति**: (१) दफा १९ बमोजिमको पदमा खुल्ला प्रतियोगिताद्वारा छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछः-

(क) राजपत्रांकित तृतीय श्रेणीको अनुसन्धान निरीक्षक पदको लागिः

(अ) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य - अध्यक्ष

(आ) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(इ) अनुसन्धान महानिरीक्षक - सदस्य

(ई) अनुसन्धान महानिरीक्षकले तोकेको अनुसन्धान अतिरिक्त महानिरीक्षक वा अनुसन्धान नायव महानिरीक्षक - सदस्य-सचिव

(ख) राजपत्र अनंकित श्रेणीको अनुसन्धान नायव निरीक्षक, अनुसन्धान सहायक निरीक्षक, अनुसन्धान जवान र श्रेणी विहिन कर्मचारीको लागिः

(अ) अनुसन्धान अतिरिक्त महानिरीक्षक (प्रशासन) - अध्यक्ष

(आ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहसचिव - सदस्य

(इ) लोक सेवा आयोगको सहसचिव - सदस्य

(ई) अनुसन्धान वरिष्ठ उपरिक्षक वा अनुसन्धान उपरीक्षक (प्रशासन) - सदस्य-सचिव

(२) पदपूर्ति समितिको बैठक तथा कार्य सञ्चालन सम्बन्धी कार्यविधि पदपूर्ति समिति स्वयंले निर्धारण गरे बमोजिम हुनेछ।

२२. **पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार**: (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पदपूर्तिका लागि प्रतिशत निर्धारण गर्ने,

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने,

(ग) पदपूर्तिको कार्यतालिका बनाउने,

(घ) परीक्षाको किसिम तोक्ने,

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन, परीक्षा सञ्चालन तथा नजिता प्रकाशन गर्ने,

(च) नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्ने,

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) पदपूर्ति समितिले कर्मचारीको नियुक्ति वा बढुवा तोकिए बमोजिम गर्नेछ।

२३. **नियुक्ति गर्ने अधिकारी**: (१) सेवाको देहायको पदमा नियुक्ति गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः-

| | | |
|---|---|---|
| (क) | अनुसन्धान महानिरीक्षक र अनुसन्धान | नेपाल सरकार, मन्त्रिपरिषद् |

| | | |
|---|---|---|
| | अतिरिक्त महानिरीक्षक | |
| (ख) | अनुसन्धान नायब महानिरीक्षक र अनुसन्धान बरिष्ठ उपरीक्षक | प्रधानमन्त्री वा प्रधानमन्त्रीले तोकेको मन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| (ग) | अनुसन्धान उपरीक्षक र अनुसन्धान नायब उपरीक्षक | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| (घ) | अनुसन्धान निरीक्षक, अनुसन्धान नायब निरीक्षक र अनुसन्धान सहायक निरीक्षक | अनुसन्धान महानिरीक्षक |
| (ङ) | अनुसन्धान हवल्दार, अनुसन्धान जवान, अनुसन्धान जवान (सुरक्षा) र श्रेणी विहिन कर्मचारी | अनुसन्धान अतिरिक्त महानिरीक्षक |

(२) उपदफा (१) बमोजिम नियुक्ति गर्ने अधिकारीले पदपूर्ति समितिको सिफारिस प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नियुक्ति दिनु पर्नेछ।

२४. **परीक्षणकाल**: (१) सेवाको स्थायी पदमा नयाँ नियुक्ति गर्दा एक वर्षको परीक्षणकालमा रहने गरी गरिनेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षणकालमा निजको काम सन्तोषजनक नभएमा निजको नियुक्ति बदर गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम नियुक्ति बदर नगरिएका कर्मचारीको नियुक्ति परीक्षणकाल समाप्त भए पछि स्वतः सदर भएको मानिनेछ।

२५. **शपथ ग्रहण**: सेवाको कुनै पनि पदमा प्रत्येक पटक नियुक्त भई आफ्नो कार्यभार सम्हाल्नु अघि प्रत्येक कर्मचारीले अख्तियारवाला समक्ष तोकिए बमोजिम शपथ ग्रहण गर्नुपर्नेछ।

२६. **पदाधिकार कायम रहने**: कर्मचारीको आफ्नो पदमा पदाधिकार देहाय बमोजिम कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरिरहँदासम्म,

(ख) सरुवा वा काज सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,

(ग) विदामा रहेको अवधिभर,

(घ) निलम्बन रहेको अवधिभर,

(ङ) अन्य पदमा कायम मुकायम भई काम गरेको अवधिभर,

(च) नेपाल सरकारद्वारा तोकिदिएको काम गरुञ्जेलको अवधिभर।

२७. **कायममुकायम सम्बन्धी व्यवस्था**: (१) कुनै पनि अधिकृतस्तरको पद १५ दिन भन्दा बढी रिक्त रहने भएमा सो भन्दा एक तह मुनिको कर्मचारीलाई कायममुकायम गर्न सकिनेछ।

(२) कायममुकायम सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ७

## बढुवा, सरुवा तथा काज सम्बन्धी व्यवस्था

२८. **बढुवाः** पदपूर्ति समितिले प्रतिशत निर्धारण गरी बढुवाद्वारा पदपूर्ति गर्न लेखी पठाएको मितिले तीन महिनाभित्र बढुवा समितिले सो पदमा पदपूर्ति गरी सक्नु पर्नेछ।

२९. **बढुवा समितिः** (१) बढुवाद्वारा पदपूर्ति गरिने देहायका पदमा बढुवा सिफारिस गर्न देहाय बमोजिमका बढुवा समितिहरु रहनेछन्ः-

| क्र.सं. | पद | बढुवा समिति |
|---|---|---|
| (क) | अनुसन्धान अतिरिक्त महानिरीक्षक | १. सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -अध्यक्ष<br>२. अनुसन्धान महानिरीक्षक -सदस्य-सचिव |
| (ख) | अनुसन्धान नायब महानिरीक्षक, अनुसन्धान बरिष्ठ उपरीक्षक र अनुसन्धान उपरीक्षक | १. सचिव,प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - अध्यक्ष<br>२. अनुसन्धान महानिरीक्षक - सदस्य<br>३. अनुसन्धान अतिरिक्त महानिरीक्षक (प्रशासन) - सदस्य-सचिव |
| (ग) | अनुसन्धान नायब उपरीक्षक र अनुसन्धान निरीक्षक | १. अनुसन्धान महानिरीक्षक - अध्यक्ष<br>२. सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सम्बन्धित महाशाखा हेर्ने) - सदस्य<br>३. अनुसन्धान नायब महानिरीक्षक (प्रशासन)- सदस्य-सचिव |
| (घ) | अनुसन्धान नायब निरीक्षक, अनुसन्धान सहायक निरीक्षक र अनुसन्धान हवल्दार | १. अनुसन्धान अतिरिक्त महानिरीक्षक (प्रशासन) - अध्यक्ष<br>२. अनुसन्धान नायब महानिरीक्षक (प्रशासन) - सदस्य<br>३. अनुसन्धान उपरीक्षक (प्रशासन) - सदस्य-सचिव |

(२) उपदफा (१) खण्ड (ख) को उपखण्ड (३) , खण्ड (ग) को उपखण्ड (३) र खण्ड (घ) मा उल्लिखित कर्मचारी नभएमा सो भन्दा एकतह मुनीको कर्मचारी बढुवा समितिमा रहनेछन्।

(३) यस दफा बमोजिमको बढुवा समितिको सचिवालय बिभागमा रहनेछ।

(४) बढुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. **बढुवाका लागि उम्मेदवार हुन आवश्यक पर्ने सेवा अवधि र शैक्षिक योगयताः** (१) बढुवाद्वारा पदपूर्ति हुने सेवाको रिक्त पदमा सम्भाव्य उम्मेदवार हुन बढुवा हुने पद भन्दा तल्लो पदमा देहाय बमोजिमको न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछः-

(क) राजपत्र अनङ्कित पदका लागि तीन वर्ष,

(ख) राजपत्र अनङ्कित पदबाट राजपत्राङ्कित पदको लागि पाँच वर्ष,

(ग) राजपत्राङ्कित अधिकृत पदका लागि चार वर्ष।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान नायब महानिरीक्षक र सो भन्दा माथिल्लो पदमा बढुवाको लागि आवश्यक सङ्ख्यामा न्यूनतम सेवा अवधि पूरा गरेका कर्मचारी नभएमा बाँकी पदको लागि न्यूनतम सेवा अवधि पूरा नगरेका कर्मचारी समेत सम्भाव्य उम्मेदवार हुन सक्नेछन्

(३) अनुसन्धान नायब उपरीक्षक वा सोभन्दा माथिको पदमा बढुवाका लागि शैक्षिक योग्यताको अङ्क गणना गर्दा अनुसन्धान निरीक्षक पदमा नयाँ नियुक्तिको लागि तोकिएको शैक्षिक योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ।

(४) कम्तिमा स्नातकोपाधि हासिल नगरेको कर्मचारी अनुसन्धान निरीक्षक वा सो भन्दा माथिको पदमा बढुवा हुनका लागि योग्य हुने छैन।

३१. **बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने**: दफा ३० मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवधिभर कुनै कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा सो रोक्का भएको अवधिभर,

(ग) तलबवृद्धि रोक्का भएकोमा सो रोक्का भएको अवधिभर,

(घ) तल्लो पदमा घटुवा भएकोमा त्यसरी घटुवा भएको मितिले दुई वर्षसम्म,

(ङ) हालको पदको तलब वृद्धि घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म,

(च) नसिहत पाएको भए नसिहत पाएको मितिले एक वर्षसम्म,

(छ) एउटै पदमा दुई पटक भन्दा बढी खराब आचरण भएको अभिलेख भएको मितिले एक वर्षसम्म,

(ज) सेवाको पदमा पुनर्बहाली भएमा पुनर्बहाली भएको मितिले एक वर्षसम्म,

(झ) बढुवा हुने पदको एक तह मुनिको न्यूनतम शैक्षिक योग्यता नभएका।

३२. **बढुवाको आधार**: (१) बढुवा समितिले कर्मचारीलाई कार्यक्षमताको मूल्याङ्कन बापत पाएको कूल अङ्कको आधारमा बढुवाको लागि सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा एक सय अङ्क दिइनेछः -

| | | | |
|---|---|---|---|
| (क) | कार्यसम्पादन मूल्याङ्कन बापत | - | पचास अङ्क |
| (ख) | ज्येष्ठता बापत | - | बीस अङ्क |
| (ग) | भौगोलिक क्षेत्रमा काम गरेको अनुभव बापत | - | बाह्र अङ्क |
| (घ) | शैक्षिक योग्यता बापत | - | आठ अङ्क |
| (ङ) | तालिम बापत | - | पाँच अङ्क |

(च) बढुवा समितिले दिन सक्ने - पाँच अङ्क

(३) सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन बापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र उपदफा (२) को खण्ड (च) बाहेकका अन्य अङ्कको गणना गर्दा बढुवा समितिको बैठक बस्नु भन्दा दुई महिना अघिको महिनाको मसान्तसम्म हासिल गरेको अङ्क गणना गरिनेछ।

(४) उपदफा (२) को खण्ड (ख), (ग), (घ), (ङ) र (च) बापत दिइने अङ्कको निर्धारण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३३. **<u>कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी व्यवस्था</u>ः** (१) कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कन गर्न तोकिए बमोजिमको मूल्याङ्कन फाराम प्रयोग गरिनेछ।

(२) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन आर्थिक वर्षको हिसाबले वार्षिक रूपमा गर्नु पर्नेछ।

(३) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्नका लागि तोकिए बमोजिमका सुपरीवेक्षक र पुनरावलोकनकर्ता रहने छन्।

(४) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३४. **<u>बढुवा उपरको उजुरी</u>ः** (१) बढुवा समितिले गरेको बढुवा सिफारिसमा चित्त नबुझ्ने व्यक्तिले तोकिए बमोजिमको अधिकारी समक्ष उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उजुरी सुनुवाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३५. **<u>बढुवा सम्बन्धी विशेष व्यवस्था</u>ः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई सम्बन्धित बढुवा समितिको सिफारिसमा अनुसन्धान महानिरीक्षकले श्रेणी विहीन बाहेक राजपत्र अनङ्कित पदसम्म एक तह माथिको पदमा बढुवा गर्न सक्नेछः-

(क) राष्ट्र तथा विभागको मान, प्रतिष्ठा र गौरव बढाउन प्रशंसनीय, सिर्जनात्मक र लगनशील भई कार्य गरेको र विभागको छवि उच्च राख्न विशेष योगदान पुऱ्याएको,

(ख) सेवामा रही कर्तव्य पालनाको सिलसिलामा वीरगति प्राप्त गरेको वा शारीरिक रूपमा अशक्त भई सेवाबाट अवकाश लिनुपर्ने अवस्था भएको।

(२) उपदफा (१) बमोजिम बढुवा गर्दा एक आर्थिक वर्षमा बढीमा ३ (तीन) जना कर्मचारीसम्मलाई बढुवा गर्न सकिनेछ।

तर, यसरी बढुवा गर्दा एउटै पदमा दुई जना भन्दा बढीलाई बढुवा गरिने छैन।

(३) उपदफा (१) बमोजिम बढुवा गर्नको लागि बढुवा हुने पद रिक्त नभएमा स्वतः विशेष पद सिर्जना भएको मानिनेछ।

(४) उपदफा (३) बमोजिम विशेष पद सिर्जना भई बढुवा भएकोमा जुनसुकै कारणबाट समानस्तरको पद रिक्त भएमा त्यसरी बढुवा भएको कर्मचारीलाई सो पदमा समायोजन गरिनेछ र त्यस्तो विशेष पद स्वतः खारेज हुनेछ।

(५) विशेष बढुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३६. **अनुसन्धान महानिरीक्षक पदमा बढुवाः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले अनुसन्धान अतिरिक्त महानिरीक्षक मध्येबाट र अनुसन्धान अतिरिक्त महानिरीक्षक नरहेको अवस्थामा अनुसन्धान नायब महानिरीक्षक मध्येबाट कार्यकुशलता, उत्तरदायित्व बहन गर्न सक्ने क्षमता, नेतृत्व क्षमता र कर्मचारीलाई प्रोत्साहन एवं परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा उपयुक्त ठहऱ्याएको उम्मेदवारलाई अनुसन्धान महानिरीक्षक पदमा बढुवा गर्न सक्नेछ।

३७. **बढुवा नियुक्तिः** बढुवा समितिले बढुवाको लागि सिफारिस गरे बमोजिम अख्तियारवालाले बढुवा हुने पदको ज्येष्ठता कायम गरी नियुक्ति दिनु पर्नेछ।

३८. **सरुवा सम्बन्धी व्यवस्थाः** (१) यस ऐनको अधीनमा रही आवश्यकता अनुसार कर्मचारीको सरुवा गरिनेछ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा भौगोलिक अवस्था, कार्यबोझ, कर्मचारीको कार्यदक्षता, नेतृत्व क्षमता र समान अवसरका आधारमा गरिनेछ।

(३) देहायका पदका कर्मचारीलाई सरुवा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

| क्र.सं. | पद | सरुवा गर्ने अधिकारी |
|---|---|---|
| (क) | अनुसन्धान अतिरिक्त महानिरीक्षक | नेपाल सरकार, मन्त्रिपरिषद् |
| (ख) | अनुसन्धान नायब महानिरीक्षक र अनुसन्धान बरिष्ठ उपरीक्षक | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| (ग) | अनुसन्धान उपरीक्षक, अनुसन्धान नायब उपरीक्षक र अनुसन्धान निरीक्षक | अनुसन्धान महानिरीक्षक |
| (घ) | अनुसन्धान नायब निरीक्षक र अनुसन्धान सहायक निरीक्षक | अनुसन्धान अतिरिक्त महानिरीक्षक, |
| (ङ) | अनुसन्धान हवल्दार र सो भन्दा तलका पद | अनुसन्धान नायब महानिरीक्षक वा अनुसन्धान बरिष्ठ उपरीक्षक |

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित प्रदेश कार्यालयको प्रमुखले आफ्नो प्रदेश भित्रका जिल्ला कार्यालयमा कार्यरत अनुसन्धान नायब निरीक्षक र सो भन्दा मुनिका कर्मचारीलाई विभागबाट समर्थन हुने गरी प्रदेशभित्र सरुवा गर्न सक्नेछ।

(५) सरुवा सम्बन्धी थप व्यवस्था कार्यविधि वा मापदण्डमा तोकिए बमोजिम हुनेछ।

३९. **काज सम्बन्धी व्यवस्थाः** (१)कर्मचारीलाई आवश्यकता अनुसार काज खटाउन सकिनेछ।

(२) काज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ८

## तलब, भत्ता, रासन तथा अन्य सुविधा

४०. **तलब, भत्ता र रासन**: (१) कर्मचारीले आफ्नो पदमा बहाल भएको मितिदेखिको तलब, भत्ता र रासन पाउनेछ।

(२) कर्मचारीले सेवामा रही काम गरे बापत पाउने तलब, भत्ता र रासन नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(३) कर्मचारीले एक वर्षको सेवा पूरा गरेपछि तोकिए बमोजिमको तलब वृद्धि (ग्रेड) पाउनेछ।

(४) तलब सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. **इन्टेलिजेन्स परिचालन खर्च**: दफा ७ को उपदफा (२) बमोजिमको कार्य गर्दा जोखिम बहन गर्न सक्ने क्षमताको अभिवृद्धि गर्न कर्मचारीले सुरु तलवको पचास प्रतिशतका दरले इन्टेलिजेन्स परिचालन खर्च पाउने छन्।

तर, कुनै कर्मचारीको कार्य सम्पादन सन्तोषजनक नभएमा विभागले निजले पाउने इन्टेलिजेन्स परिचालन खर्च आंशिक वा पूर्ण रुपमा नदिने गरी निर्णय गर्न सक्नेछ।

४२. **सञ्चय कोष सम्बन्धी व्यवस्था**: कर्मचारीको मासिक तलबबाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा नेपाल सरकारले शत प्रतिशत थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरि दिनेछ।

४३. **बीमा सम्बन्धी व्यवस्था**: (१) नेपाल सरकारले कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बीमा गर्नेछ।

(२) सावधिक जीवन बीमा, बीमा कोष तथा बीमा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४४. **चाडपर्व खर्च पाउने**: (१) कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाईने चाडपर्वको लागि खाइपाइ आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ। यस्तो रकम कर्मचारीले एक आर्थिक वर्षमा एक पटक आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ।

(२) निवृत्तिभरण पाउने गरी अवकाश प्राप्त कर्मचारीलाई निजले पाउने एक महिनाको निवृत्तिभरण बराबरको रकम चाडपर्व खर्चको रुपमा दिइनेछ।

४५. **उपचार खर्च**: (१) कर्मचारीले सेवा अवधिभरमा राजपत्राङ्कित श्रेणीको कर्मचारी भए बाह्र महिना बराबरको राजपत्र अनङ्कित प्रथम श्रेणीको कर्मचारी भए अठार महिना बराबरको र अन्य राजपत्र

अनङ्कित र श्रेणी बिहीन कर्मचारी भए एक्काइस महिना बराबरको खाइपाइ आएको तलब रकम उपचार खर्च बापत पाउनेछ।

(२) कुनै कर्मचारी वा निजको परिवारको सदस्य बिरामी भए उपदफा (१) बमोजिम पाउने रकममा नबढ्ने गरी तोकिए बमोजिम भएको खर्चको रकम दिइनेछ।

(३) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएकोमा बाहेक अन्य अवस्थामा सेवाबाट अलग हुने कर्मचारीले यस दफा बमोजिम सेवा अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी भएको भए त्यस्तो बाँकी रकम एकमुष्ठ लिन पाउनेछ।

(४) बीस वर्ष, पच्चीस वर्ष वा सो भन्दा बढी सेवा अवधि पूरा गरी निवृत्तिभरण पाउने गरी सेवाबाट अलग भएको कर्मचारीले उपदफा (३) बमोजिम पाउने उपचार खर्चमा लिन बाँकी रकमको क्रमशः दश, पन्ध्र र बीस प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट पाउनेछ।

(५) कुनै कर्मचारी दश वर्षको सेवा अवधि नपुग्दै भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएकोमा बाहेक अरु जुनसुकै व्यहोराबाट सेवाबाट अलग भएमा पनि उपदफा (१) बमोजिमको रकमलाई दश वर्ष सेवा गरे बापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ।

(६) दुर्गम क्षेत्रमा रहेका कर्मचारी बिरामी भई स्थानीय स्वास्थ्य संस्थाबाट उपचार हुन नसकी ज्यान समेत जोखिम हुने अवस्था परेको भनी जिल्लास्थित अस्पताल वा स्वास्थ्य संस्थाले सिफारिस गरेकोमा सोको आधारमा तोकिए बमोजिम अनुसन्धान महानिरीक्षकको स्वीकृति लिई उपचारको सुविधा भएको ठाउँमा लैजाँदा र त्यहाँबाट फर्काउँदा लाग्ने खर्च नेपाल सरकारले दिनेछ।

(७) झुट्टा व्यहोरा पेश गरी यस नियम बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने कर्मचारी तथा त्यस्तो झुट्टा व्यहोरा प्रमाणित गर्ने चिकित्सकको हकमा विभागीय कारवाहीको लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाइनेछ र अन्य चिकित्सकको हकमा आवश्यक कारवाहीको लागि निज दर्ता रहेको सम्बन्धित परिषदमा लेखी पठाइनेछ।

(८) उपदफा (७) बमोजिम लेखी आएमा सम्बन्धित निकायले आवश्यक कारवाही गरी सोको जानकारी यसरी लेखी पठाउने निकाय वा अधिकारीलाई दिनु पर्नेछ।

(९) उपदफा (७) बमोजिम कुनै कर्मचारीले झुट्टा व्यहोरा पेश गरी उपचार खर्च लिई सकेको भए सो रकम त्यस्तो कर्मचारीबाट असूल गरिनेछ।

(१०) उपचार खर्च सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ९

## अवकाश, उपदान र निवृत्तिभरण सम्बन्धी व्यवस्था

४६. **अवकाशः** (१) सेवाबाट कर्मचारीले देहायका आधारहरु मध्ये जुन पहिला हुन्छ सोही मितिबाट अनिवार्य अवकाश पाउनेछः-

| क्र. सं. | पद | उमेर | पदावधि |
|---|---|---|---|
| (क) | अनुसन्धान महानिरीक्षक | ५८ | ३ |
| (ख) | अनुसन्धान अतिरिक्त महानिरीक्षक | ५८ | ४ |
| (ग) | अनुसन्धान नायब महानिरीक्षक | ५८ | ५ |
| (घ) | अनुसन्धान वरिष्ठ उपरीक्षक | ५७ | ६ |
| (ङ) | अनुसन्धान उपरीक्षक | ५६ | १० |
| (च) | अनुसन्धान नायब उपरीक्षक | ५६ | |
| (छ) | अनुसन्धान निरीक्षक | ५६ | |
| (ज) | अनुसन्धान नायब निरीक्षक र सहायक निरीक्षक | ५५ | |
| (झ) | अनुसन्धान हवल्दार र अनुसन्धान जवान | ५२ | |
| (ञ) | श्रेणी विहिन कर्मचारी | ५५ | |

(२) खण्ड (ङ) को पदावधिको हकमा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीको कार्यकुशलता, क्षमता, सेवाप्रतिको निष्ठा र विभागीय आवश्यकता हेरी अनुसन्धान महानिरीक्षकको सिफारिसमा अख्तियारवालाले दुई वर्ष पदावधि थप गर्न सक्नेछ।

(३) कुनै कर्मचारी माथिल्लो तह वा श्रेणीको पदमा कायममुकायम मुकरर भएमा त्यसरी कायममुकायम मुकरर भएको अवधि निजको पदाधिकार रहेको पदको अवधिमा गणना हुनेछ।

(४) कर्मचारीको उमेरको गणना गर्दा निजले सेवामा प्रवेश गर्दा पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा निजले भरेको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्म मिति वा वर्षबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ।

(५) यस ऐनको प्रयोजनको लागि कर्मचारीको उमेरको हिसाब गर्दा देहाय बमोजिम गरिनेछः -

(क) सेवामा प्रवेश गर्दा निजले पेश गरेको नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र वैयक्तिक नोकरी विवरण (सिटरोल) मा जन्ममिति वर्ष, महिना र गते समेत खुलेको र सबैमा एउटै मिति नरहेको भएमा जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिको आधारमा,

(ख) वर्ष वा संवत् मात्र उल्लेख भएको प्रमाणपत्रका आधारमा जन्ममिति कायम गर्दा नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मिति,

शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मिति र वैयक्तिक नोकरी विवरण (सिटरोल) को हकमा शुरु भर्ना भएको मितिको आधारमा,

(ग) कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको रहेछ र त्यस्तो प्रमाणपत्रमा उल्लिखित जन्म मितिहरूको बिचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा खुलेको जन्म मितिको आधारमा,

तर यसरी छुट्टाछुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्म मितिको अन्तर एक वर्षभन्दा बढी भएमा वर्षमात्र उल्लेख भएको प्रमाणपत्रको हकमा खण्ड (ख) बमोजिम जन्म मिति कायम गरिनेछ।

(६) निवृत्तिभरण पाउने सेवा अवधि पुगेको र एउटै पदमा कम्तीमा १२ वर्ष सेवा अवधि पूरा गरी निवृत्त हुने नायब उपरीक्षक वा सो भन्दा तलका कर्मचारीलाई उपदफा (१) बमोजिम अनिवार्य अवकाश हुने भएमा त्यस्तो कर्मचारीलाई कम्तिमा एक महिना अगावै एक तह बढुवा गरी बढुवा भएको पदले पाए सरह निवृत्तिभरणको सुविधा दिई अवकाश दिइनेछ।

(७) उपदफा (६) बमोजिम बढुवा गर्दा स्वतः विशेष पद सिर्जना हुनेछ। त्यसरी बढुवा भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो विशेष पद स्वतः खारेज हुनेछ।

(८) अवकाश सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४७. **राजीनामा दिन सक्ने**: (१) कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अवकाश लिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि कर्मचारीले पाँच वर्षको सेवा अवधि पूरा नगरेसम्म आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत हुनेछैन।

तर, कुनै कर्मचारीलाई मनासिब कारण परी नोकरी नछोडी नहुने अवस्था परेमा निजले कारण खोली राजपत्राङ्कित कर्मचारी भए नेपाल सरकार समक्ष र राजपत्र अनङ्कित कर्मचारी भए अनुसन्धान महानिरीक्षक समक्ष निवेदन दिनु पर्नेछ र कारण मनासिब भएमा त्यस्तो कर्मचारीलाई नोकरी छाड्न अनुमति दिन सकिनेछ।

(३) उपदफा (२) बमोजिम राजीनामा स्वीकृत नगरी सेवामा अनुपस्थित रहने कर्मचारीलाई विभागीय कारवाही गर्नु पर्नेछ र विभागले निजको तालिम तथा क्षमता विकासमा लगानी गरेको रकम यकीन गरी त्यस्तो कर्मचारीबाट असुल उपर गर्नेछ।

(४) कर्मचारीको राजीनामा स्वीकृत गर्ने अधिकार अख्तियारवालालाई हुनेछ।

४८. **स्वेच्छिक अवकाश**: (१) निवृत्तिभरण पाउने अवधि पूरा गरेका र उमेरको हद पचास वर्ष पूरा भएका कर्मचारीले नेपाल सरकारबाट निर्धारित शर्तमा स्वेच्छिक अवकाश लिन सक्नेछ।

(२) स्वेच्छिक अवकाश सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४९. **उपदान**: (१) पाँच वर्ष वा सोभन्दा बढी नोकरी गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेको कर्मचारीले जुनसुकै कारणबाट अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई सेवाबाट अलग भएमा

वा भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाइएमा तोकिए बमोजिमको उपदान पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा प्रवेश गर्दा वा सेवामा रहँदा नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो कर्मचारीलाई उपदान दिइनेछैन।

५०. **<u>निवृत्तिभरण</u>**: (१) बीस वर्ष वा सोभन्दा बढी नोकरी गरेको कर्मचारीले जुनसुकै कारणबाट अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई सेवाबाट अलग भएमा भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट हटाइएकोमा बाहेक देहाय बमोजिम निवृत्तिभरण पाउनेछ।

(क) राजपत्राङ्कित कर्मचारी भएः

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी महिनाको तलब रकम}}{५०}$$

(ख) राजपत्र अनङ्कित र श्रेणी विहीन कर्मचारी भएः

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी महिनाको तलब रकम}}{४०}$$

(२) यो ऐन प्रारम्भ हुँदाका बखत सेवामा बहाल रहेका कर्मचारीले दफा ४६ बमोजिम उमेरका आधारमा अवकाश प्राप्त गर्दा निज सेवा प्रवेश गर्दाको सेवा सम्बन्धी कानून बमोजिम हाल बहाल रहेको पदबाट अवकाश प्राप्त गर्न जति उमेर बाँकी रहेको छ सो अवधि समेत निजले गरेको जम्मा नोकरी अवधिमा थप गरी निजले पाउने निवृत्तिभरणको हिसाब गरिनेछ।

(३) बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरु अङ्कमा जति रकम वृद्धि भएको छ त्यसको दुईतिहाइ रकम समान पदबाट निवृत्त कर्मचारीको निवृत्तिभरण रकममा पनि थप गरिनेछ र निवृत्तिभरणको न्यूनतम रकम समान पदको बहालवाला कर्मचारीको तलब स्केलको शुरु अङ्कको आधा भन्दा कम र अधिकतम रकम समान पदको बहालवाला कर्मचारीको तलबको शुरु स्केल भन्दा बढी हुने छैन।

(४) सम्वत २०७५ साल पौष महिना १९ गते भन्दा अघिदेखि सेवामा बहाल रही ३० वर्ष सेवा अवधि पूरा गरी ५० वर्ष उमेर नाघेका कर्मचारीले स्वेच्छिक अवकाश लिएमा सेवाबाट अवकाश लिने कर्मचारीको यस ऐन अनुसार अनिवार्य अवकाश हुन बाँकि उमेर ननाघ्ने गरी बढिमा ७ वर्षसम्म सेवा अवधि थप गरी निवृत्तिभरणको लागि जम्मा सेवा अवधि कायम गरीनेछ।

(५) अनुसन्धान हवल्दार र सोभन्दा मुनिको पदबाट अवकाश भई निवृत्तिभरण पाइ रहेका व्यक्तिको उमेर साठी वर्ष पूरा भएपछि निजले पाइ रहेको निवृत्तिभरणको अङ्कमा तीस प्रतिशत थप गरिनेछ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको कर्मचारीले यस ऐन बमोजिमको निवृत्तिभरण पाउने छैन।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सेवा प्रवेश गर्दा वा सेवामा रहँदा नागरिकता वा उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो कर्मचारीले यस ऐन बमोजिम निवृत्तिभरण पाउने छैन।

(८) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा निवृत्तिभरणको लागि आवश्यक पर्ने सेवा अवधि पुऱ्याउन आवश्यक पर्ने सेवा अवधि थप गरी निजको परिवारलाई निवृत्तिभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(९) निवृत्तिभरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५१. **<u>पारिवारिक निवृत्तिभरण र उपदान</u>**ः (१) कुनै कर्मचारीको सेवामा छँदै वा निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा दफा ४९ वा ५० बमोजिमको उपदान वा निवृत्तिभरण निजको परिवारको कुनै सदस्य वा निजले इच्छाएको व्यक्तिलाई प्राप्त हुनेछ।

(२) पारिवारिक निवृत्तिभरण र उपदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५२. **<u>असाधारण पारिवारिक निवृत्तिभरण र उपदान</u>**ः (१) कुनै कर्मचारी आफ्नो कर्तव्य पालना गर्दा वा वासस्थानबाट कार्यालयतर्फ आउँदा वा कार्यालयबाट वासस्थानतर्फ जाँदा वा कार्यालयको काममा कार्यालयमा वा अन्यत्र बसी कार्यसम्पादन गर्ने क्रममा तत्काल विरामी भई वा चोटपटक लागि सोही कारणबाट मृत्यू भएमा वा अशक्त भएकोमा वा तालिम लिँदा कुनै चोटपटक लागि तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा निजको नोकरी जतिसुकै वर्ष पुगेको भए तापनि त्यस्तो कर्मचारीले खाइपाइ आएको तलबको आधा पारिवारिक निवृत्तिभरण र देहाय बमोजिम असाधारण पारिवारिक उपदान समेत दिइनेछः-

(क) दश वर्षसम्मको सेवा अवधि नपुग्दै मृत्यु भएमा निजले खाइपाइ आएको छ महिनाको तलब बराबरको रकम,

(ख) दश वर्षदेखि बीस वर्षसम्मको सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाइपाइ आएको नौ महिनाको तलब बराबरको रकम,

(ग) बीस वर्षभन्दा बढी जतिसुकै सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाइपाइ आएको एक वर्षको तलब बराबरको रकम।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारी कुनै आतङ्ककारी वा हतियारधारी समूहको कारवाही वा अन्य कुनै प्रकारको मुठभेड वा आक्रमण वा बिस्फोटनमा परी वा त्यस्तो समूह विरुद्धको कारवाहीमा वा जोखिमपूर्ण र चुनौतीपूर्ण काममा खटिएका बखत कुनै आकस्मिक दुर्घटनामा परी तत्कालै वा सोही कारणले निको नभई मृत्यु भएमा मृतक कर्मचारीलाई मरणोपरान्त एक तहमाथिको पदमा पदोन्नति दिई सोही पद अनुसारको पूरा

तलब बराबरको रकम असाधारण पारिवारिक निवृत्तिभरण बापत त्यस्तो कर्मचारीको उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी बढीमा सात वर्षसम्म दिइनेछ।

(३) उपदफा (२) बमोजिम असाधारण पारिवारिक निवृत्तिभरण मृतक कर्मचारीको पति, पत्नी, बाबु, आमा, सासु, ससुरा, छोरा वा छोरीले पाएको भएमा त्यस्तो निवृत्तिभरण पाउन थालेको सात वर्ष अवधि व्यतित भएपछि मृतक कर्मचारीको सेवा अवधि निवृत्तिभरण पाउन आवश्यक पर्ने न्यूनतम अवधि भन्दा कम भएमा निवृत्तिभरण पाउन आवश्यक पर्ने न्यूनतम अवधिको आधारमा र त्यस्तो अवधि भन्दा बढी सेवा अवधि भएमा जम्मा सेवा अवधिको आधारमा हिसाब गरी हुन आउने रकम असाधारण पारिवारिक निवृत्तिभरणको रुपमा दिइनेछ

(४) उपदफा (३) को प्रयोजनको लागि सेवा अवधि गणना गर्दा उपदफा (२) बमोजिम निवृत्तिभरण पाएको अवधिलाई समेत गणना गरिनेछ।

(५) उपदफा(३)बमोजिमको असाधारण पारिवारिक निवृत्तिभरण मृतक कर्मचारीको पति, पत्नी, बाबु, आमा, सासु, ससुरा भए आजीवन र छोरा छोरी भए एक्काइस वर्षको उमेर पूरा नगरेसम्म पाउनेछ।

(६) कर्तव्य पालनाको सिलसिलामा खटिएको वा खटिने क्रममा बाटोमा आउँदा जाँदा वा अन्य कार्य गर्दा बाटोबाट वा कार्यस्थलबाट अपहरणमा परी हत्या भएको भरपर्दो सूचना प्राप्त भएको तर शरीर फेला पर्न नसकेको अवस्थामा प्रमुख जिल्ला अधिकारी र सम्बन्धित कर्मचारी कार्यरत कार्यालयको प्रमुखको संयुक्त प्रतिवेदनको आधारमा त्यस्तो कर्मचारीको परिवारलाई उपदफा (१), (२) वा (३) बमोजिमको सुविधा दिइनेछ।

(७) यस दफा बमोजिम मृतक कर्मचारीको पति वा पत्नीले पारिवारिक निवृत्तिभरण पाएकोमा त्यस्तो निवृत्तिभरण उपभोग गर्दा गर्दै निजको मृत्यु भएमा निजले खाइपाइ आएको पारिवारिक निवृत्तिभरण निजको एक्काइस वर्ष पूरा नभएको छोरा छोरीले दामासाहीले भाग गरी एक्काइस वर्ष उमेर पूरा नभएसम्म पाउने छन्।

(८) यस दफा बमोजिम कुनै मृतक कर्मचारीको छोरा छोरीले पारिवारिक निवृत्तिभरण पाइ रहेकोमा कुनै छोरा छोरीको उमेर एक्काइस वर्ष पूरा भएमा र एक्काइस वर्ष उमेर पूरा नभएको अन्य छोरा छोरी भएमा निजले पाउँदै आएको निवृत्तिभरण रकम एक्काइस वर्ष नपुगेको अन्य छोरा छोरीले पाउने निवृत्तिभरणमा थप गरी दिइनेछ।

(९) यस दफा बमोजिम कर्मचारीको परिवारले असाधारण पारिवारिक निवृत्तिभरण पाइरहेको अवस्थामा बहालवाला कर्मचारीको तलबमानमा वृद्धि भएमा सोको दुई तिहाइ रकम असाधारण पारिवारिक निवृत्तिभरणको रकममा समेत वृद्धि हुनेछ।

तर उपदफा (२) बमोजिमको असाधारण पारिवारिक निवृत्तिभरणको हकमा बहालवाला कर्मचारीको तलबमानमा जति वृद्धि भएको छ सोही बमोजिमको रकम त्यस्तो असाधारण पारिवारिक निवृत्तिभरणमा समेत वृद्धि हुनेछ।

(१०) यस दफा बमोजिमको असाधारण पारिवारिक निवृत्तिभरण र उपदानको सुविधा योगदानमा आधारित निवृत्तिभरण पाउने कर्मचारीको हकमा समेत लागु हुनेछ।

५३. **अशक्त वृत्तिः** (१) कुनै कर्मचारी दफा ५२ को उपदफा (१) बमोजिमको अवस्थामा परी अङ्गभङ्ग भई वा चोटपटक लागि शारीरिक वा मानसिक रुपमा सेवामा रही कामकाज गर्न नसक्ने गरी अशक्त भएमा त्यस्तो कर्मचारीले निजको जीविकाको निमित्त बाँचुञ्जेलसम्म अशक्त वृत्तिको रुपमा उपदफा (२) मा लेखिए बमोजिम निवृत्तिभरण सहित उपदफा (३) मा लेखिए बमोजिमको अशक्त भत्ता पाउनेछ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनका लागि "मानसिक रुपमा अशक्त" भन्नाले नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट मानसिक रुपमा अशक्त भई सेवामा काम काज गर्न असक्षम भनी सिफारिस गरेको कर्मचारी सम्झनुपर्छ।

(२) उपदफा (१) बमोजिम अशक्त भएको कर्मचारीको सेवा अवधि निवृत्तिभरण पाउने अवधि पुगेको भए निजले तत्काल खाइपाइ आएको (कायममुकायम भई काम गरेको भए सोको समेत) तलबले हिसाब गरी हुन आउने रकम बराबर अशक्त निवृत्तिभरण पाउनेछ। त्यस्तो अशक्त कर्मचारीको सेवा अवधि निवृत्तिभरण पाउने अवधि भन्दा घटी भएमा निवृत्तिभरण पाउन बाँकी अवधि थप गरी त्यस्तो निवृत्तिभरण दिइनेछ।

(३) कर्मचारीले अशक्तता बापत उपदफा (२) बमोजिम पाउने अशक्त निवृत्तिभरणको अतिरिक्त थप पाउने मासिक अशक्त भत्ताको रकम निजले खाइपाइ आएको तलबको बीस प्रतिशत बराबर हुनेछ। अशक्त भत्ता दिँदा असी प्रतिशत वा सो भन्दा बढी अशक्तता भएको कर्मचारीको हकमा निजको जीवनभर निजले खाइपाइ आएको अशक्त भत्ताको बीस प्रतिशत रकम कुरुवा खर्चको रुपमा थप सुविधा समेत दिइनेछ।

तर अशक्त वृत्ति पाएका वा पाउने ठहरिएका कर्मचारीले पछि सरकारी सेवामा पुनः प्रवेश पाएमा निजले यस ऐन बमोजिमको अशक्त वृत्ति पाउने छैन र पाइ सकेको अशक्त वृत्ति रकम भने फिर्ता गर्नु पर्ने छैन।

(४) यस दफा बमोजिमको अशक्त वृत्तिको सुविधा योगदानमा आधारित निवृत्तिभरण पाउने कर्मचारीको हकमा समेत लागु हुनेछ।

(५) अशक्त वृत्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५४. **सन्तति वृत्ति र शैक्षिक वृत्तिः** (१) दफा ५२ वा ५३ बमोजिमको अवस्था परी कुनै कर्मचारीको मृत्यु भएमा वा आजीवन काम गर्न नसक्ने गरी अशक्त भएमा त्यस्तो मृतक वा अशक्त कर्मचारीको बढीमा दुई जना छोरा छोरीलाई शुरु तलवको देहाय बमोजिमको प्रतिशतका दरले मासिक सन्तति वृत्ति र सोही प्रतिशत बमोजिम वार्षिक रुपमा शैक्षिक वृत्ति पाउनेछः-

(क) अनुसन्धान महानिरीक्षक वा अनुसन्धान अतिरिक्त महानिरीक्षक -६.५ प्रतिशत

(ख) अनुसन्धान नायब महानिरीक्षक वा अनुसन्धान बरिष्ठ उपरीक्षक-८.० प्रतिशत

(ग) अनुसन्धान उपरीक्षक वा अनुसन्धान नायब उपरीक्षक -९.० प्रतिशत

(घ) अनुसन्धान निरीक्षक -१० प्रतिशत

(ङ) अनुसन्धान नायब निरीक्षक -१२ प्रतिशत

(च) अनुसन्धान सहायक निरीक्षक -१३ प्रतिशत

(छ) अनुसन्धान हवल्दार, अनुसन्धान जवान, अनुसन्धानजवान (सुरक्षा) वा श्रेणी विहिन - १४ प्रतिशत

(२) उपदफा (१) बमोजिमको सन्तति वृत्ति छोरा छोरी एक्काइस वर्ष उमेर पूरा नभएसम्म दिइनेछ।

(३) यस दफा बमोजिमको सन्तति वृत्ति र शैक्षिक वृत्तिको सुविधा योगदानमा आधारित निवृत्तिभरण पाउने कर्मचारीको हकमा समेत लागु हुनेछ।

५५. **एक मात्र पारिवारिक निवृत्तिभरण प्राप्त हुने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारीको परिवारलाई यस ऐनमा उल्लेख भएको दफा ५१ र ५२ बमोजिम प्राप्त हुने पारिवारिक निवृत्तिभरण मध्ये यस ऐन बमोजिम निवृत्तिभरण पाउने व्यक्तिले रोजेको कुनै एक पारिवारिक निवृत्तिभरण मात्र पाउनेछ।

५६. **समितिको व्यवस्था**: (१) असाधारण पारिवारिक निवृत्तिभरण र उपदान एवं अशक्त वृत्ति सम्बन्धी व्यवस्था गर्न तोकिए बमोजिमको समिति रहनेछ।

(२) अशक्तताको प्रतिशत निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५७. **नोकरी अवधिको गणना**: (१) यस परिच्छेदको प्रयोजनको लागि नोकरी अवधिको गणना गर्दा सरकारी सेवाको कुनै पदमा स्थायी नियुक्ति भई नोकरी गरेको जम्मा अवधि (बिचमा टुटेको भए सो टुटेको अवधि कटाई) लाई गणना गरिनेछ।

(२) उपदफा (१) बमोजिम नोकरी अवधि गणना गर्दा निलम्बनमा रहेको अवधिलाई समेत गणना गरिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदान पाइ सकेको व्यक्ति अदालतको फैसला वा यस ऐन बमोजिम हुने विभागीय सजाय उपर परेको पुनरावेदनमा भएको निर्णय बमोजिम सेवाको पदमा पुनर्बहाली भएमा निजले पहिले पाएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी जोडिनेछ।

५८. **निवृत्तिभरण नपाउने**: (१) यस ऐन बमोजिम निवृत्तिभरण वा पारिवारिक निवृत्तिभरण पाइ रहेको व्यक्तिले भ्रष्टाचार, ठगी, किर्ते, राज्यविरुद्धको कसूर, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरेमा निवृत्तिभरण पाउने छैन।

(२) उपदफा (१) बमोजिम अदालतबाट कसूरदार ठहरिएको व्यक्तिले पुनरावेदन गरी त्यस्तो कसूरबाट सफाई पाई फैसला अन्तिम भएको अवस्थामा यस ऐन बमोजिम निवृत्तिभरण पाउनेछ।

५९. **<u>योगदानमा आधारित निवृत्तिभरणः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमा आधारित निवृत्तिभरण सम्बन्धी कानूनमा उल्लेख भएको अवधिपछि नियुक्ति हुने कर्मचारीले योगदानमा आधारित निवृत्तिभरण सम्बन्धी कानून बमोजिम योगदानमा आधारित निवृत्तिभरण पाउनेछ।

(२) योगदानमा आधारित निवृत्तिभरण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - १०

## <u>आचरण</u>

६०. **<u>दान, चन्दा र उपहार लिन नहुनेः</u>** (१) सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै कर्मचारीले वा निजको परिवारले नेपाल सरकारको पूर्वस्वीकृति नलिई स्वदेशी वा विदेशी कसैबाट पनि कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा लिन वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिनु हुँदैन।

(२) कुनै कर्मचारीलाई विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले नेपाल सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ।

६१. **<u>सम्पत्ति विवरण पेश गर्नु पर्नेः</u>** कर्मचारीले प्रचलित कानून बमोजिम आफ्नो सम्पत्ति विवरण भरी सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय कितावखानामा बुझाउनु पर्नेछ।

६२. **<u>कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुनेः</u>** कर्मचारीले विभागको पूर्व स्वीकृति नलिई देहायका काम गर्नु हुँदैनः-

(क) कुनै बैङ्क वा कम्पनी वा सहकारी संस्था स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न।

६३. **<u>जानकारीमा आएका कुरा प्रकाश गर्न प्रतिबन्धः</u>** (१) कर्मचारीले नेपाल सरकारद्वारा वा विशेष रूपबाट अख्तियारी नपाई आफूले सरकारी कामको सिलसिलामा वा कर्तव्य पालना गर्दा सरकारी वा गैरसरकारी माध्यमबाट प्राप्त गरेको कुनै गोप्य वा आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अनधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा सञ्चार माध्यमलाई जानकारी दिनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको प्रतिबन्ध जुनसुकै कारणले सेवाबाट अलग रहेको व्यक्तिको हकमा समेत लागु हुनेछ।

६४. **<u>सञ्चार माध्यमसँग सम्पर्क राख्न नहुने</u>**: (१) कर्मचारीले नेपाल सरकारको अनुमति प्राप्त नगरी कुनै रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय वा अन्य सञ्चार माध्यममा वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन वा प्रसारण गर्न हुँदैन।

तर प्रवक्ताको रुपमा तोकिएको कर्मचारी वा अख्तियार प्राप्त कर्मचारीले सम्बन्धित कार्यालय प्रमुखको अनुमतिमा कार्यालयको गतिविधि सम्बन्धी जानकारी वा सूचना प्रवाह गर्न बाधा पर्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक वा व्यवसायिक विषयको लेख प्रकाशन वा प्रसारण गर्न सकिनेछ। तर त्यस्तो लेख प्रकाशन वा प्रसारण गरेपछि आफ्नो कार्यालयमा जानकारी गराउनु पर्नेछ।

६५. **<u>सरकारको आलोचना वा विरोध गर्न नहुने</u>**: (१) नेपाल सरकारको नीतिको विपरीत हुने गरी वा नेपाल सरकार र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो, टेलिभिजन वा सामाजिक सञ्जालबाट कुनै कुरा व्यक्त गरी वा सामग्रीको प्रचारप्रसार गरी वा कुनै सार्वजनिक मन्तव्य दिई नेपाल सरकारको आलोचना वा विरोध गर्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र नेपाल सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन।

६६. **<u>निर्वाचनमा भाग लिन नहुने</u>**: कर्मचारीले कुनै राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न हुँदैन।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

६७. **<u>राजनीतिमा भाग लिन नहुने</u>**: कर्मचारीले कुनै राजनीतिक दल वा दलसँग आबद्ध सङ्गठनको सदस्य बन्न, राजनीतिक क्रियाकलापमा संलग्न हुन, त्यस्ता दल वा संगठनलाई सहायताको निमित्त चन्दा दिन वा अन्य कुनै राजनीतिक गतिविधिमा भाग लिन वा कुनै राजनीतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले प्रभाव पार्न हुँदैन।

६८. **<u>समय पालना र नियमितता</u>**: कर्मचारीले ठीक समयमा तथा नियमित रूपले आफू खटिएको ठाउँमा हाजिर हुनु पर्नेछ र विदा स्वीकृत नगराई सकेसम्म काममा अनुपस्थित हुनु हुँदैन।

६९. **<u>अनुशासन र आदेश पालन</u>**: कर्मचारीले देहाय बमोजिमको अनुशासन र आदेश पालना गर्नु पर्नेछः-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परताका साथ पालना गर्नु पर्ने,

(ख) सरकारी काम सम्बन्धी विषयमा आफूभन्दा माथिका अधिकृतले दिएको आदेशलाई शीघ्रताका साथ पूरा गर्नु पर्ने,

(ग) आफू भन्दा माथिका अधिकृत प्रति उचित आदर देखाउनु पर्ने र आफू मातहतका कर्मचारीलाई न्यायपूर्ण र शिष्टतापूर्ण व्यवहार गर्नु पर्ने,

(घ) उच्छृङ्खल गतिविधि गर्न नहुने,

(ङ) विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सेवाको मूल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरीतका कार्यहरु गर्न गराउन नहुने।

७०. **मादक पदार्थ सेवन गर्न नहुने**: कर्मचारीले कार्यालय र ड्यूटीको समयमा मादक वा लागू पदार्थ सेवन गर्नु हुँदैन।

७१. **राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने**: कर्मचारीले आफ्नो सेवा सम्बन्धी विषयमा स्वार्थ पूरा गर्ने मनसायले अन्य कर्मचारी वा पदाधिकारी माथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन।

७२. **यौनजन्य दुर्व्यवहार गर्न नहुने**: कर्मचारीले यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन।

७३. **हातपात वा जोरजुलुम गर्न नहुने**: कर्मचारीले आफूभन्दा माथिल्लो वा मातहतका कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोर जुलुम गर्न वा गराउन हुँदैन।

७४. **प्रदर्शन र हड्ताल गर्न नहुने**: (१) कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, कलम बन्द गर्न, अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन।

(२) यस दफा विपरीत कार्य गरी कुनै सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुऱ्याएमा त्यस्तो कर्मचारीलाई विभागीय सजाय गरी निजबाट क्षतिपूर्ति समेत भराइनेछ।

७५. **प्रतिनिधित्व गर्न नहुने**: कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्नु हुँदैन।

७६. **स्थायी आवासीय अनुमति लिन नहुने**: (१) कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिनु हुँदैन।

(२) कुनै कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त गरेको मितिले तीस दिनभित्र सम्बन्धित कर्मचारीले आफू कार्यरत कार्यालयमा देहाय बमोजिमको विवरण पेश गर्नु पर्नेछः-

(क) आफ्नो नाम, थर र हालको पद,

(ख) पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको मिति,

(ग) सम्बन्धित विदेशी मुलुकको नाम।

(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित कार्यालयले त्यस्तो विवरण पन्ध्र दिनभित्र विभागमा पठाउनु पर्नेछ।

७७. **आचारसंहिता जारी गर्न सकिने**: मन्त्रालयले सेवाका कर्मचारी सम्बन्धी आचारसंहिता जारी गर्न सक्नेछ। त्यस्तो आचारसंहिता पालना गर्नु सेवाका कर्मचारीको कर्तव्य हुनेछ।

७८. **आवरणयुक्त कर्मचारीको हकमा लागु नहुने**: आवरणयुक्त कर्मचारीको हकमा आचरण सम्बन्धी दफा ६२, ६४, ६५, ६६, ६७, ६८, ७०, ७४, ७५ र ७६ को व्यवस्था लागु हुने छैन।

७९. **सेवा निवृत्त कर्मचारीले पालना गर्नुपर्ने आचरण**: (१) सेवाका निवृत्त कर्मचारीले सेवामा रहँदा सम्पादन गरेको सेवासंग सम्बन्धित कुनै पनि काम वा सेवामा रहँदा आफूले सञ्चालन वा परिचालन गरेका सुत्र र आवरणका कर्मचारीको पहिचान र निजलाई लगाएको कामको गोप्यता कायम राख्नु पर्नेछ।

(२) जुनसुकै कारणबाट सेवाबाट अलग भएका राजपत्राङ्कित श्रेणीका कर्मचारी भए सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म नेपाल सरकारको पूर्व स्वीकृति नलिई र राजपत्र अनङ्कित कर्मचारी भए सेवा निवृत्त भएको मितिले एक वर्षसम्म विभागको पूर्व स्वीकृति बेगर देहायका काम गर्नु हुँदैनः-

(क) संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको पदमा नियुक्ति लिन,

(ख) नेपालस्थित कूटनीतिक नियोग, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा दातृ निकायबाट सञ्चालित आयोजनाहरुमा कर्मचारी वा परामर्शदाताको रुपमा कार्य गर्न।

(३) उपदफा (२) विपरीतको काम गर्ने सेवा निवृत्त कर्मचारीले यो ऐन बमोजिमको सेवा सुविधा लिन पाउनेछैन।

## परिच्छेद - ११

## विभागीय सजाय तथा पुनरावेदन

८०. **विभागीय सजाय**: उचित र पर्याप्त कारण भएमा कर्मचारीलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछः-

(क) सामान्य सजाय

(अ) सचेत गराउने वा नसिहत दिने,

(आ) चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,

(इ) बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(ई) बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने,

(उ) खाइपाइ आएको बढीमा पाँच तलबवृद्धि घटुवा गर्ने,

(ऊ) हालको पदको ज्येष्ठतासहित खाइपाइ आएको शुरु स्केलमा घटुवा गर्ने।

(ख) विशेष सजाय

(अ) भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने।

(आ) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

८१. **<u>सचेत गराउने वा नसिहत दिने वा प्रतिकूल राय लेख्ने</u>**: देहायको कुनै अवस्थामा सचेत गराउन वा नसिहत दिन वा चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्न सकिनेछः-

(क) कार्यसम्पादन सन्तोषजनक नभएमा,

(ख) तालिममा खटाउँदा नगएमा वा तालिम अवधिमा लापरबाही गरी गैर जिम्मेवारपूर्ण व्यवहार देखाएमा,

(ग) सरुवा भएर वा अन्य सरकारी कामको सिलसिलामा खटिएका बखत मनासिब आधार र (घ) कारण बिना बाटोको म्यादपछि सम्बन्धित कार्यालयमा हाजिर हुन नगएमा,

(ङ) दफा ११९ बमोजिम बरबुझारथ नगरेमा,

(च) दफा ६८, ७० वा ७७  मा उल्लिखित आचरण उल्लङ्घन गरेमा,

(छ) आफ्नो निजी स्वार्थ साधन कुनै पनि प्रकारको राजनीतिक वा वाह्य प्रभाव पारेमा भनसुन गराएमा।

८२. **<u>बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा पाँच तलब वृद्धि रोक्का गर्नः</u>** देहायको कुनै अवस्थामा कर्मचारीलाई बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्न वा बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्न सकिनेछः

(क) आफूले सम्पादन गर्नु पर्ने काम कारवाहीमा लापरबाही गरेमा,

(ख) यस ऐन वा प्रचलित नेपाल कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ग) माथिल्लो दर्जाको अधिकारीले कानून बमोजिम दिएको निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(घ) दफा ६०, ६१, ६४, ६५, ६७, ६९, ७१ र ७२ मा उल्लिखित आचरण उल्लङ्घन गरेमा,

(ङ) दफा ८१ बमोजिमको सजाय दुई पटक पाइ सकेको कर्मचारीले पुनः सो दफा बमोजिमको सजाय हुने काम गरेमा।

८३. **<u>बढीमा पाँच तलब वृद्धि घटुवा गर्ने वा सुरु स्केलमा घटुवा गर्ने</u>**: (१) देहायको कुनै अवस्थामा कर्मचारीलाई खाइपाइ आएको बढीमा पाँच तलबवृद्धि घटुवा गर्न वा हालको पदको ज्येष्ठता सहित खाइपाइ आएको सुरु स्केलमा घटुवा गर्न सकिनेछः

(क) अनुशासनहीन काम गरेमा,

(ख) नियुक्ति भएको पाँच वर्ष भित्रै नोकरीबाट अलग हुन झुट्टा कारण देखाएमा,

(ग) मनासिब कारण बिना विदा नलिई अनुपस्थित भएमा,

(घ) लापरबाही गरी सरकारी सम्पत्ति हानी नोक्सानी गरेमा,

(ङ) दफा ६२, ७३ वा ७५ मा उल्लिखित आचरण उल्लङ्घन गरेमा

(च) दफा ८४ को उपदफा (१) को खण्ड (ङ) वा सोही दफाको उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर बाहेक अन्य कसूरमा दोषी ठहर भई जरिबाना वा १ वर्षसम्म कैद वा दुवै सजाय भएमा।

(२) दफा ८४ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर बाहेक अन्य फौजदारी कसूरमा कर्मचारी दोषी ठहर भई कैद सजाय भएमा सो कैदको सजाय पाएको अवधि निज पदबाट स्वतः निलम्बन भएको मानिनेछ। सो अवधि निजको अवकाश प्रयोजनको लागि बाहेक अन्य सेवा सुविधाको लागि सेवा अवधिमा गणना हुने छैन्।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम निलम्बन भएको कर्मचारीले सो अवधिको तलब,भत्ता तथा अन्य कुनै सुविधा पाउने छैन।

८४. **<u>सेवाबाट हटाउने वा बर्खास्त गर्ने</u>**: (१) देहायको कुनै अवस्थामा कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-

(क) आफ्नो पदीय जिम्मेवारीमा बारम्बार लापरबाही गरेमा,

(ख) कर्मचारीले झुठ्ठा सूचना दिएको प्रमाणित भएमा,

(ग) बारम्बार अनुशासनहीन काम गरेमा,

(घ) विदा स्वीकृत नगराई लगातार पैंतालीस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(ङ) बहुबिवाह गरेको प्रमाणित भएमा,

(च) उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर बाहेकका अन्य कुनै फौजदारी,

(छ) कसूरमा दोषी ठहर भई १ वर्ष भन्दा बढी कैद सजाय भएमा,

(ज) दफा ६३, ६६ र ७४ मा उल्लिखित आचरण उल्लङ्घन गरेमा,

(झ) कर्मचारीले आफ्नो पदको दुरुपयोग गरेमा वा सेवाको काममा लगाइएका अन्य व्यक्तिले आफ्नो कर्तव्यको बर्खिलाप काम गरेमा,

(ञ) आफ्नो ओहदाको धम्की दिई कसैलाई अनाहकमा दुःख दिएमा वा प्रभावमा पारेमा वा कसैको सम्पत्ति हानी नोक्सानी गरेमा।

(२) देहायको कुनै अवस्थामा कर्मचारीलाई भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछः -

(क) भ्रष्टाचार, किर्ते, राष्ट्रविरुद्ध जासूसी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, संगठित अपराध, पूरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण,

शरीर बन्धक, जबरजस्ती करणी वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ख) दफा ७६ बमोजिम कुनै मुलुकको स्थायी आवासीय अनुमति लिएमा वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएको प्रमाणित भएमा,

(ग) सेवामा नियुक्त हुने वा वहाल रहने उद्देश्यले नागरिकताको विवरण, उमेर वा योग्यता वा तालिम ढाँटेको प्रमाणित भएमा।

(३) उपदफा (२) बमोजिम बर्खास्त भएको कर्मचारीले सञ्चयकोष, बिमा, योगदानमा आधारित निवृत्तिभरण वापत जम्मा भएको रकम मध्ये त्यस्तो कर्मचारीले योगदान गरेको रकम र सोको ब्याज, संचित घरविदा र विरामी विदा वापतको रकम बाहेक अन्य कुनै सुविधा पाउनेछैन।

८५. **कार्यालयमा अनुपस्थित भएमा वा झुट्टा विवरण पेश गरेमा कारवाही हुनेः** (१) विदा स्वीकृत नगराई आफ्नो कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई गयल र तलब कट्टी गरिनेछ र त्यस्तो कर्मचारीलाई विभागीय सजाय समेत गर्नु पर्नेछ।

तर दफा ८४ को उपदफा (१) को खण्ड (घ) को अवस्थामा सोही बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम गयल कट्टी भएको अवधि अनिवार्य अवकाशको लागि बाहेक अन्य प्रयोजनको लागि निजको सेवा अवधिमा गणना हुने छैन

(३) कुनै पनि कर्मचारीले झुट्टा कारण देखाई विदा लिई बसेको ठहरेमा विदा बसेको अवधिलाई अनुपस्थित जनाई यस दफा बमोजिम गयल र तलब कट्टी गरिनेछ र त्यस्तो कर्मचारीलाई विभागीय सजाय समेत गर्नु पर्नेछ।

८६. **सजाय सम्बन्धी कार्यविधिः** (१) कुनै कर्मचारीलाई यस ऐन बमोजिम विभागीय सजायको आदेश दिनु अघि विभागीय सजायको आदेश दिने अधिकारीले निजलाई कारवाही गर्न लागिएको व्यहोरा उल्लेख गरी कम्तीमा सात दिनको म्याद दिई लिखित सूचना दिई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने सूचनामा निज उपर लगाइएको आरोप स्पष्ट रूपले किटिएको हुनु पर्नेछ र प्रत्येक आरोप कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सफाइको मौका दिइएकोमा सम्बन्धित कर्मचारीले म्यादभित्र आफ्नो सफाइ लिखित रुपमा पेश गर्नु पर्नेछ।

(४) विशेष सजायको आदेश दिनुभन्दा पहिले विभागीय सजायको आदेश दिने अधिकारीले उपदफा (१) बमोजिम सफाइ पेश गर्न दिइएको म्यादभित्र सफाइ पेश नगरेकोमा वा पेश गरेको सफाइ सन्तोषजनक नभएमा त्यस्तो कर्मचारीलाई गर्न लागिएको प्रस्तावित सजाय किन नगर्ने भनी कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ।

(५) भागी पत्ता नलागेको, कुनै कारणले सम्पर्क गर्न सम्भव नभएको अवस्थामा, दफा ८४ को उपदफा (२) को खण्ड (क) बमोजिमको कसूरमा अदालतबाट दोषी ठहर भएको वा दफा ८४ को उपदफा (१) को खण्ड (च) को अवस्थाको कर्मचारी भए उपदफा (१), (२), (३) र (४) बमोजिमको प्रक्रिया पूरा गर्नु पर्ने छैन।

तर त्यस्तो कर्मचारीलाई सजाय गरेको सूचना दिनु पर्नेछ।

(६) विभागीय सजायको आदेश दिन पाउने अधिकारीले कुनै कर्मचारीले दफा ८४ को उपदफा (१) मा उल्लिखित कसूर गरेको सम्बन्धमा जाँचबुझ गर्न आवश्यक ठानेमा आफूले वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गर्न वा गराउन सक्नेछ। जाँचबुझ गर्ने अधिकारीले आवश्यकता अनुसार सम्बन्धित कर्मचारीसँग सोधपुछ गरी कारण सहित आफ्नो प्रतिवेदन तथा भएको सबुद प्रमाण समेत पेश गर्नु पर्नेछ।

(७) सम्बन्धित कर्मचारीले यस दफा बमोजिम पेश गरेको सफाइ वा स्पष्टीकरण सन्तोषजनक नभएमा वा म्याद भित्र सफाइ वा स्पष्टीकरण पेश नगरेकोमा त्यस्तो कर्मचारीलाई सजाय गर्नु पर्ने देखिएमा विभागीय सजायको आदेश दिने अधिकारीले विभागीय सजायको आदेश दिनु पर्नेछ।

(८) विभागीय सजाय गर्ने अधिकारीले कुनै कर्मचारीलाई उपदफा (७) बमोजिम सजायको आदेश दिँदा त्यस्तो सजाय गर्नाको आधार सहितको अभियोग, सो बारे जाँचबुझ गरेको भए सोको व्यहोरा, निजलाई सफाइको मौका दिएकोमा निजको सफाइको जिकिर र सो जिकिर बमोजिमको थप बुझेको भए सो बारे आफ्नो ठहर लेखी सफाइको मौका नदिएकोमा सो दिन मनासिब नपरेको अवस्था समेतको व्यहोरा खुलाई सजायको निर्णय गर्नुपर्नेछ।

(९) विभागीय सजाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८७. **<u>निलम्बनः</u>** (१) कुनै कर्मचारीलाई लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजायको आदेश दिने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो कर्मचारीलाई निलम्बन गर्न सक्नेछ। यसरी निलम्बन गर्दा निलम्बन गर्नुको कारण र आधार खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने निलम्बनको अवधि छ महिना भन्दा बढी हुने छैन।

(३) उपदफा (२) बमोजिमको अवधिमा निज उपरको कारवाहीको किनारा लगाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम कुनै कर्मचारीलाई निलम्बन गर्नु पर्दा देहायको अवस्था विद्यमान हुनुपर्नेछः -

(क) निलम्बन नगरेमा झुट्टा प्रमाण सङ्कलन गर्न सक्ने वा आफू विरुद्धको सबुत प्रमाण गायब वा नष्ट गर्न सक्ने देखिएमा,

(ख) निलम्बन नगरेमा थप सरकारी हानी नोक्सानी हुने सम्भावना देखिएमा,

(ग) निलम्बन नगरेमा विभाग वा मातहत कार्यालयका कर्मचारीमा नैराश्य उत्पन्न हुने वा विभागको प्रतिष्ठामा आँच आउने भएमा।

(५) कुनै कर्मचारी विरुद्ध दफा ८४ को उपदफा (१) को खण्ड (च) वा दफा ८४ को उपदफा (२) को खण्ड (क) बमोजिमको कसूरको अभियोगमा अदालतमा मुद्दा परेमा सो मुद्दामा फैसला नभएसम्म त्यस्तो कर्मचारी स्वतः निलम्बनमा रहनेछ।

(६) कुनै कर्मचारी उपदफा (५) मा उल्लेखित कसुर बाहेक कुनै फौजदारी अभियोगमा वा यस ऐन अन्तर्गतको कसूरमा गिरफ्तार भई थुनिएमा थुनिएको अवधिभर स्वतः निलम्बनमा रहनेछ।

(७) उपदफा (५) र (६) बमोजिम वा सरकारी कामको सम्बन्धमा कुनै कर्मचारी निलम्बन भएमा सो निलम्बनको अवधिभर निजले आफूले पाउने तलबको आधा रकम मात्र पाउनेछ।

तर निलम्बित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाइ पाएमा निजले निलम्बन अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै तलब (तलब वृद्धि हुने भएमा सो समेत) पाउनेछ र कसूरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब, भत्ता पाउने छैन।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालतमा मुद्दा दायर भएको कारणले कुनै कर्मचारी निलम्बन भएकोमा त्यस्तो मुद्दामा अदालतबाट कसूरदार ठहरी फैसला भएमा त्यस्तो फैसला भएको मितिदेखि निजले तलब पाउने छैन।

तर त्यस्तो फैसला उपर पुनरावेदन परी त्यस्तो कर्मचारीले सफाइ पाएमा सो अवधिको पूरा तलब पाउनेछ।

(९) उपदफा (६) बमोजिम सेवामा बहाली हुने कुनै कर्मचारीलाई माथिल्लो अदालतले दोषी ठहर गरेमा सो कुराको जानकारी दिने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ। त्यसरी जानकारी नदिएको कारणबाट त्यस्तो अवधिको तलब, भत्ता पाएको भए सो रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

८८. **निलम्बनको समाप्ति**ः कुनै कर्मचारी आफ्नो पदमा पुनः स्थापित भएमा, कानून बमोजिम निलम्बनको अवधि पूरा भएमा, निलम्बन फुकुवा भएमा, अनिवार्य अवकाश पाएमा, मृत्यु भएमा, सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा वा निजलाई लागेको अभियोगबाट सफाई पाएमा निजको निलम्बन समाप्त हुनेछ।

८९. **सेवाको अन्त्य गर्न सक्ने**ः (१) अख्तियारवालाले देहायको अवस्थामा कुनै कर्मचारीको सेवाको अन्त्य गर्न सक्नेछः-

(क) परीक्षणकालमा निजको काम सन्तोषजनक नभएमा,

(ख) नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डले शारीरिक वा मानसिक कारणले कार्य सम्पादन गर्न असमर्थ रहेको प्रमाणित गरेमा।

(२) उपदफा (१) बमोजिम सेवाको अन्त्य गर्दा दफा ८६ बमोजिमको कार्यविधि अपनाउनु पर्ने छैन।

९०. **सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी**ः (१) दफा ८० को खण्ड (क) बमोजिमको सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ।

(२) दफा ८१ को खण्ड (ख) बमोजिमको सजायको आदेश दिने अधिकार अख्तियारवालालाई हुनेछ।

(३) उपदफा (२) बमोजिम भएको सजायको पुनरावेदन सुन्ने अधिकार देहाय बमोजिमको अधिकारीलाई हुनेछः-

| क सं. | पद | पुनरावेदन सुन्ने अधिकारी |
|---|---|---|
| (क) | अनुसन्धान बरिष्ठ उपरीक्षक वा सोभन्दा माथिको कर्मचारी | नेपाल सरकार |
| (ख) | अनुसन्धान निरीक्षकदेखि अनुसन्धान उपरीक्षकसम्मका कर्मचारी | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| (ग) | अनुसन्धान नायब निरीक्षक र सो भन्दा मुनिको कर्मचारी | अनुसन्धान महानिरीक्षक |

९१. **पुनरावेदनको कार्यविधि**ः (१) दफा ८० वा ८९ बमोजिम दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले जुन कार्यालयबाट कारवाहीको आदेश भएको हो सोही कार्यालय मार्फत वा सोझै पुनरावेदन सुन्ने अधिकारीलाई सम्बोधन गरी आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त आफूसँग भएको प्रमाण राखी शिष्ट भाषामा लेखी दिनु पर्नेछ। जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पुनरावेदनसँग संलग्न गर्नु पर्नेछ।

(३) विभागीय सजायको आदेश सम्बन्धमा पुनरावेदन सुन्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ।

९२. **पुनर्बहाली भएमा पाउने सुविधा**ः (१) कुनै कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी दिइएको आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भएमा त्यस्तो कर्मचारी सेवामा पुनर्बहाली हुनेछ र निजले सेवाबाट हटाईएको वा बर्खास्त गरिएको मितिदेखि पुनर्बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ।

तर अनुपस्थित भई सेवाबाट हटाईएको वा बर्खास्त गरिएको कर्मचारी सेवामा बहाली भएमा निज अनुपस्थित भएको अवधिको कुनै सुविधा पाउने छैन

(२) सुरु अदालतबाट फौजदारी अभियोगमा दोषी ठहरी सोही कसूरमा विभागीय कारवाही भई सेवाबाट अलग भएका कर्मचारीले त्यस्तो फौजदारी अभियोगमा पुनरावेदन तहबाट सफाइ पाएमा निज सेवामा पुनर्बहाली हुनेछ।

## परिच्छेद - १२

## कसूर तथा सजाय

९३. **कसूर**ः कुनै कर्मचारी वा सेवामा काम गर्ने व्यक्तिले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः

(क) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानमा खलल पर्न सक्ने किसिमको गोप्य सूचना वा गुप्तचरी सम्बन्धी प्रतिवेदन कसैको प्रलोभनमा परी वा नपरी सेवामा रहँदा वा सेवाको कामबाट अलग भई सकेपछि पनि अनधिकृत व्यक्तिलाई जानकारी दिएमा वा त्यस्तो सूचनासँग सम्बन्धित गोप्य कागजातको बेचविखन गरी गोप्यता भङ्ग गरेमा,

(ख) गोप्य अभियानमा खटाइएको अवस्थामा बाहेक आफूखुसी सशस्त्र विद्रोह, आतङ्ककारी वा विध्वंसात्मक कार्यमा संलग्न भएमा वा नेपाल राज्य विरुद्ध विद्रोह गरेमा,

(ग) अनधिकृत रुपमा अन्य गुप्तचरी संस्था वा व्यक्तिसँग संलग्न रहेमा,

(घ) सेवाको काम गर्दा प्राप्त सूचनाको दुरुपयोग गरी नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा अक्षुण्णतामा खलल पर्न सक्ने वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबिचको सुसम्बन्धमा आँच आउने गरी वा सरकारको काम कारवाहीमा घृणा, द्वेष वा अवहेलना हुने गरी वा अरु कुनै किसिमबाट कुनै काम कुरा गरे वा गराएमा,

(ङ) कुनै विध्वंसात्मक काम, सशस्त्र विद्रोह वा नेपाल राज्य विरुद्ध विद्रोही कार्य हुँदैछ वा भई रहेको छ भन्ने थाहा पाउँदा पाउँदै वा त्यस्तो काम भई रहेको विश्वास गर्नु पर्ने मनासिव कारण हुँदाहुँदै आफूभन्दा माथिल्लो अधिकारीलाई यथाशीघ्र जानकारी नगराएमा,

(च) आफ्नो वा अरु कसैको जिम्मामा रहेको सरकारी हातहतियार वा खरखजना बेचबिखन गरेमा वा गलत मनसायबाट अरु कसैलाई दिएमा वा आफूले प्रयोग गरी रहेको वा आफ्नो वा अरु कसैको जिम्मामा लिई राखेको हातहतियार खरखजना लिई भागेमा वा दुरुपयोग गरेमा वा विष्फोटक पदार्थ ओसारपसार गरेमा,

(छ) गुप्तचर सम्बन्धी उपकरण, सञ्चारसाधन वा डाटावेस लिई भागेमा वा दुरुपयोग गरेमा,

(ज) सेवाको काम गर्दा प्राप्त सूचनाको दुरुपयोग गरी मुलुकको धार्मिक वा सामाजिक सद्भाव खलबल्याउन सहयोग पुऱ्याएमा,

(झ) खण्ड (क) मा उल्लिखित सूचना बाहेक सेवामा रहँदा वा सेवाको कामबाट अलग भई सकेपछि पनि सेवाको काम गर्दा प्राप्त गरेको सूचना सम्बन्धी गोप्यता भङ्ग गरेमा,

(ञ) दफा १५ बमोजिम प्राप्त भएको विवरण, सङ्केत वा सूचना जुन प्रयोजनको लागि प्राप्त गरेको हो सो प्रयोजनको लागि बाहेक अन्य प्रयोजनको लागि प्रयोग गरेमा वा त्यस्तो विवरण, सङ्केत वा सूचना अन्य प्रयोजनको लागि कुनै निकाय वा अधिकारीलाई उपलब्ध गराएमा,

(ट) आफ्नो जिम्मामा रहेको हातहतियार, गुप्तचर सम्बन्धी उपकरण, सञ्चारसाधन वा डाटावेस प्रणाली जानीजानी बिगारेमा वा लापरबाहीपूर्वक हराएमा,

(ठ) ड्युटीमा रहेको वा नरहेको अवस्थामा माथिल्लो दर्जाको कर्मचारी हो भनी थाहा पाए पछि वा विश्वास गर्ने कारण हुँदाहुँदै पनि बल प्रयोग गरेमा, गर्ने उद्योग गरेमा वा धम्की दिएमा,

तर ड्यूटीमा नरहेको कर्मचारीले ड्यूटीमा रहेको कर्मचारीलाई पदीय कर्तव्य पालना गर्न नदिई बल प्रयोग गरेमा सोको प्रतिरक्षाको लागि ड्यूटीमा रहेको कर्मचारीले बल प्रयोग गरेको अवस्थामा यो व्यवस्था लागू हुने छैन।

(ड) यस दफा बमोजिम कसूर गर्ने उद्योग वा दुरुत्साहन गरेमा वा मतियार भएमा।

९४. **<u>सजाय</u>**: (१) दफा ९३ बमोजिमको कसूर गरेमा कसूरको मात्रा अनुसार देहाय बमोजिम सजाय हुनेछः-

(क) खण्ड (क), (ख) वा (ग) मा उल्लेखित कसूर गरेमा जन्म कैद,

(ख) खण्ड (घ), (ङ), (च) वा (छ) मा उल्लेखित कसूर गरेमा दश वर्षसम्म कैद,

(ग) खण्ड (ज), (झ), (ञ) वा (ट) मा उल्लेखित कसूर गरेमा पाँच वर्षसम्म कैद,

(घ) खण्ड (ठ) मा उल्लेखित कसूर गरेमा तीन वर्षसम्म कैद,

(ङ) खण्ड (ड) बमोजिमका कसुरदार भएमा मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय।

(२) दफा ९३ मा उल्लेखित कसूर गर्ने कसूरदारबाट सरकारी वा सार्वजनिक सम्पत्तिको हानि नोक्सानी भएको रहेछ भने विगो खुलेकोमा विगो र विगो नखुलेकोमा सोको क्षतिपूर्ति निजबाट भराउनु पर्नेछ।

९५. **<u>मुद्दाको अनुसन्धान</u>**: (१) यस परिच्छेद अन्तर्गतको कसूर भए गरेको वा गर्न लागेको कुरा प्रमाण र आधार सहित जानकारी हुन आएमा सम्बन्धित अधिकारीले सो सम्बन्धी प्रतिवेदन विभागको प्रधान कार्यालयमा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम वा अन्य कुनै माध्यमबाट त्यस्तो सूचना प्राप्त भएमा अनुसन्धान महानिरीक्षकले आवश्यक जाँचबुझ गरी प्रतिवेदन पेश गर्न कुनै अधिकारीलाई खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम खटिएको अधिकारीले दिएको प्रतिवेदन सम्बन्धमा विस्तृत अनुसन्धान गर्ने प्रयोजनको लागि देहाय बमोजिमको अनुसन्धान समिति गठन हुनेछः -

(क) राजपत्राङ्कित कर्मचारीको लागिः

(अ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहसचिव - अध्यक्ष

(आ) महान्यायाधिवक्ताको कार्यालयको सहन्यायाधिवक्ता - सदस्य

(इ) अनुसन्धान महानिरीक्षकले तोकेको नायब महानिरीक्षक - सदस्य

(ख) राजपत्र अनङ्कित कर्मचारीको लागिः

(अ) अनुसन्धान नायब महानिरीक्षक वा अनुसन्धान बरिष्ठ उपरीक्षक प्रशासन, मानवश्रोत तथा इन्टेलिजेन्स विषय हेर्ने - अध्यक्ष

(आ) विभागको कर्मचारीको हकमा शाखा प्रमुख र मातहत कार्यालयको कर्मचारीको हकमा सम्बन्धित कार्यालयको प्रमुख -सदस्य

(इ) अनुसन्धान निरीक्षक - सदस्य-सचिव

(४) एउटै घटनासँग सम्बन्धित कसूरमा राजपत्राङ्कित र राजपत्र अनङ्कित कर्मचारी विरुद्ध अनुसन्धान गर्नु पर्ने भएमा राजपत्राङ्कित कर्मचारीको सम्बन्धमा गठन हुने उपदफा (३) को खण्ड (क) बमोजिमको अनुसन्धान समितिले आवश्यक अनुसन्धान गर्नेछ।

(५) अनुसन्धान महानिरीक्षकले यस ऐन बमोजिम गरेको कुनै कसूरको अनुसन्धान गर्न नेपाल सरकारले कार्यक्षेत्रगत शर्त तोकी समिति गठन गर्नेछ।

(६) उपदफा (३) र उपदफा (५) बमोजिमको अनुसन्धान समितिले अपराधको अनुसन्धान तहकिकात गर्दा सबुद प्रमाण सङ्कलन, खानतलासी, अपराधसँग सम्बन्धित कागजात वा अन्य चिजवस्तु बरामद, मुचुल्का तयार गर्ने लगायतका काम गर्दा समितिका पदाधिकारीलाई प्रचलित कानून बमोजिम नेपाल सरकारवादी हुने फौजदारी मुद्दामा प्रहरीलाई भए सरहको अधिकार हुनेछ।

(७) उपदफा (३) र उपदफा (५) बमोजिमको अनुसन्धान समितिले छानबिन तथा अनुसन्धान गर्दा अभियुक्तलाई बयान गराई मनासिब आधार भएमा तारिखमा राख्न, धरौटी वा जमानत लिई छाड्न सक्नेछ।

(८) उपदफा (३) र उपदफा (५) बमोजिमको अनुसन्धान समितिले अनुसन्धान अवधिभर त्यस्तो अभियोग लागेको कर्मचारीलाई निलम्बनमा राख्न सक्नेछ।

(९) उपदफा (३) र उपदफा (५) बमोजिमको अनुसन्धान समितिले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को कार्यविधि आवश्यक हेरफेर सहित (मुटाटिस मुटाण्डिस) अवलम्बन गर्नेछ।

९६. **मुद्दा दायर**ः (१) दफा ९५ को उपदफा (३) बमोजिमको अनुसन्धान समितिले अनुसन्धान गर्दा कुनै कर्मचारी उपर लागेको अभियोग पुष्टी हुने देखिएकोमा निजको विरुद्ध मुद्दा दायर गर्न अनुसन्धान महानिरीक्षक समक्ष सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै कर्मचारी उपर मुद्दा दायर गर्न सिफारिस भई आएमा महान्यायाधिवक्ताको राय लिई मुद्दा दायर गर्नु पर्नेछ।

९७. **मुद्दा हेर्ने अदालत**ः (१) यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको सुरु कारवाही र किनारा गर्ने अधिकार नेपाल सरकारले तोकेको अदालतलाई हुनेछ।

(२) उपदफा (१) बमोजिमको अदालतले यस ऐन अन्तर्गतका मुद्दामा कारवाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउनेछ

(३) उपदफा (१) बमोजिमको अदालतले गरेको फैसला वा आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ।

९८. **बन्द इजलासमा कारवाही हुने**ः यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारवाही बन्द इजलासमा गरिनेछ।

९९. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने**ः यस ऐन विपरीत गरेको कुनै काम अन्य कानून बमोजिम पनि सजाय हुने रहेछ भने निज उपर त्यस्तो कानून बमोजिम मुद्दा चलाउन यस ऐनले कुनै बाधा पुऱ्याएको मानिने छैन।

१००. **सूचनाको स्रोत खुलाउन वा कागजात उपलब्ध गराउन बाध्य नहुने**ः (१) दफा ८० बमोजिम सजाय हुने कसूर गरेको अवस्थामा बाहेक कर्मचारी वा सेवाको काममा लगाइएका व्यक्तिले आफ्नो कर्तव्य पालनाको सिलसिलामा सङ्कलन गरेको सूचना र त्यसको स्रोतको बारेमा त्यस्तो कर्मचारी वा व्यक्तिलाई अधिकार प्राप्त अधिकारी, कुनै पनि निकाय वा अदालत समक्ष उपस्थित गराइने वा त्यस सम्बन्धमा प्रश्न गरिने छैन।

(२) विभाग वा मातहतका कार्यालयमा रहेको गोप्य कागजात अधिकार प्राप्त अधिकारी बाहेक अन्य कुनै पनि निकाय, अधिकारी वा अदालत समक्ष प्रस्तुत वा प्रकट गर्न कुनै कर्मचारी वा सेवाको काममा लगाइएको व्यक्तिलाई बाध्य गरिने छैन।

१०१. **असल नियतले गरेको कामको बचाउ**ः (१) कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्यको पालना गर्दा असल नियतले गरेको काममा सजायको भागी हुनु पर्ने छैन।

(२) कुनै कर्मचारी बहाल छँदा आफ्नो ओहोदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसके पछि नेपाल सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन।

(३) उपदफा (२) बमोजिम नेपाल सरकारले कुनै कर्मचारी उपर मुद्दा चलाउन स्वीकृति दिएमा निजको प्रतिरक्षा नेपाल सरकारले गर्नेछ।

१०२. **सेवाको सुरक्षा**ः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान महानिरीक्षक वा निजले तोकेको अधिकृतले कुनै आपराधिक, आतङ्ककारी वा अवैध सङ्गठनमा सूचना सङ्कलनको

लागि प्रवेश गराएको वा खटाएको कुनै कर्मचारी वा सूत्रले विभागीय प्रयोजनको सिलसिलामा जनाएको संलग्नता बापत प्रचलित कानून बमोजिम कुनै कारवाही हुन सक्ने भएमा विभागले कानून कार्यान्वयन गर्ने सम्बन्धित निकायमा आवश्यक प्रमाण सहित बचाउको निमित्त लिखित अनुरोध गरेमा त्यस्तो कर्मचारी वा सूत्र उपर कुनै कारवाही हुनेछैन र त्यस विषयमा गोप्यता कायम राख्नु सम्बन्धित अधिकारी वा निकायको कर्तव्य हुनेछ।

तर अदालतमा त्यस्तो विषयको जानकारी दिन वा प्रमाण पेश गर्न वाधा पुग्नेछैन।

(२) मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय हित, राष्ट्रिय एकता र स्वाधीनताको संरक्षण र संवर्धन गर्न विभागले सञ्चालन गरेको विशेष अभियानको क्रममा खटिएको कर्मचारीले तत्काल बल प्रयोग नगरे निजको जीउज्यानमा खतरा हुने भएमा निजले बल प्रयोग गरेको कारणले कुनै काम भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसुर मानिनेछैन।

(३) राष्ट्रिय हित र सुरक्षाका लागि सम्वेदनशील सूचना तथा विवरणहरु सङ्कलन गर्ने कार्यमा संलग्न कर्मचारी, सूत्र सञ्चालक वा सूत्रले सम्पादन गरेको कार्य वा निर्वाह गरेको जिम्मेवारीको कारण निज र निजको परिवारको सुरक्षामा असर पर्ने देखिएमा सोको बचाउका लागि नेपाल सरकारले सुरक्षाको आवश्यक व्यवस्था गर्नेछ।

(४) यस ऐन बमोजिम कुनै कर्मचारीले असल नियतले गरेको वा गर्न खोजेको कुनै कार्य गर्दा कसैलाई हानि नोक्सानी भएमा त्यसको क्षतिपूर्ति वापत त्यस्तो कर्मचारी उपर मुद्दा चलाउन सकिने छैन।

१०३. **सहयोग गर्नु पर्नेः** (१) यस ऐन बमोजिम गुप्तचरी वा अनुसन्धानको प्रयोजनको लागि विभाग वा मातहतका कार्यालयद्वारा माग गरिएको विवरण, तथ्याङ्क लगायतका कागजात उपलब्ध गराउनु र आवश्यकता अनुसार अन्य सहयोग गर्नु सम्बन्धित व्यक्ति, संघ, संस्था वा निकायको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिमको कर्तव्य भएको कुनै व्यक्ति, संघ, संस्था वा निकायले सहयोग नगरेमा विभागले त्यस्तो व्यक्ति, संघ, संस्था वा निकाय र सोमा कार्यरत कर्मचारीलाई आवश्यक कारवाहीको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउन सक्नेछ।

## परिच्छेद - १३

## विविध

१०४. **विदाः** (१) कर्मचारीले तोकिए बमोजिम देहायका विदा पाउनेछः-

(क) भैपरी आउने र पर्व विदा,

(ख) घर विदा,

(ग) बिरामी विदा,

(घ) मृत्यु संस्कार विदा,

(ङ) प्रसूति विदा,

(च) प्रसूति स्याहार विदा,

(छ) विवाह विदा,

(ज) अध्ययन विदा,

(झ) सट्टा विदा।

(२) उपदफा (१) बमोजिमको विदा अधिकारको रूपमा दाबी गर्न पाइने छैन। विभागको कामको अनुकूलता हेरी विदा दिने अधिकारीले विदा स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।

(३) कर्मचारी सदैव ड्यूटीमा रहेको मानिनेछ र निजलाई जुनसुकै समयमा पनि काममा लगाउन सकिनेछ।

(४) आवश्यक परेमा विदा दिने अधिकारीले विदामा बसेको कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ।

(५) विदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०५. **कर्मचारीको अभिलेख तथा सेवा सुविधा निर्धारणः** (१) कर्मचारीको अभिलेख व्यवस्थापन गोपनीयता कायम हुनेगरी राष्ट्रिय किताबखाना (प्रहरी)ले गर्नेछ।

(२) निवृत्तिभरण पाउने कर्मचारी सेवाबाट अवकाश हुँदा पाउने उपदान, निवृत्तिभरण, असाधारण पारिवारिक निवृत्तिभरण, पारिवरिक निवृत्तिभरण, अशक्त वृत्ति लगायतका अन्य सुविधा विभागको सिफारिसमा राष्ट्रिय किताबखाना (प्रहरी)ले निर्धारण गर्नेछ।

(३) कर्मचारीको अभिलेख तथा सेवा सुविधा निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०६. **विभागको प्रतिक चिन्ह र झण्डा**ः विभागको प्रतिक चिन्ह, झण्डा र सोको प्रयोग तोकिए बमोजिम हुनेछ।

१०७. **प्रदेश सरकारलाई सूचना उपलव्ध गराउन सक्ने**ः (१) विभाग मातहत रहेका सम्बन्धित प्रदेश कार्यालय प्रमुखले प्रदेश सरकारको कार्यक्षेत्रसँग सम्बन्धित सूचना आवश्यकता अनुसार प्रदेश सरकारलाई उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना उपलव्ध गराएको जानकारी अनुसन्धान महानिरीक्षकलाई दिनुपर्नेछ।

१०८. **परिचयपत्र सम्बन्धी व्यवस्था**ः परिचय पत्र सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०९. **उच्च स्तरीय सुरक्षा समन्वय समिति**ः (१) मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता र स्वाधीनताको संरक्षण तथा संवर्धनका विषयमा समिक्षा गरी प्रधानमन्त्री समक्ष प्रतिवेदन पेश गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहने गरी देहाय बमोजिमको उच्चस्तरीय सुरक्षा समन्वय समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) मुख्य सचिव, नेपाल सरकार | - | अध्यक्ष |
| (ख) प्रधानसेनापति, नेपाली सेना | - | सदस्य |
| (ग) महानिरीक्षक, नेपाल प्रहरी | - | सदस्य |

(घ) महानिरीक्षक, सशस्त्र प्रहरी बल नेपाल - सदस्य

(ङ) अनुसन्धान महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभाग - सदस्य-सचिव

(२) उच्चस्तरीय सुरक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकारः उच्चस्तरीय सुरक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियहित, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता र स्वाधीनताको संरक्षण तथा संवर्धनका सम्बन्धमा सुरक्षा निकायहरुबाट प्राप्त विवरणको अध्ययन एवं विश्लेषण गर्ने र सुरक्षा वस्तुस्थिति बारे समिक्षा गरी प्रतिवेदन तयार गर्ने।

(ख) खण्ड (क) बमोजिम तयार गरेको प्रतिवेदन मुख्य सचिव मार्फत प्रधानमन्त्री समक्ष पेश गर्ने।

(ग) समितिको बैठक समितिको अध्यक्षले तोकेको समय र स्थानमा बस्नेछ।

(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठक आवश्यकतानुसार बस्न सक्नेछ।

(ङ) बैठकमा गृह सचिव, रक्षा सचिव लगायत आवश्यकतानुसार सुरक्षा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(च) बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

११०. **कल्याणकारी कोषको स्थापना र सञ्चालनः** (१) विभागले कर्मचारी वा अवकाश प्राप्त कर्मचारी र तिनका परिवारको औषधोपचार, छात्रवृत्ति लगायतका कल्याणकारी कार्यका लागि कर्मचारीको योगदान रहने गरी कल्याणकारी कोषको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा कर्मचारीको योगदान, प्रयोग र सञ्चालन सम्बन्धी व्यवस्था विभागले बनाएको कोष सञ्चालन कार्यविधि बमोजिम हुनेछ।

१११. **विशेष सुरक्षा समूह सम्बन्धी व्यवस्थाः** (१) विभाग र मातहतका कार्यालयको भौतिक संरचना, सम्पत्ति र तोकिएका कर्मचारीको सुरक्षाका लागि आवश्यक संख्यामा कर्मचारी रहने गरी प्रधान कार्यलयमा विशेष सुरक्षा समूह रहनेछ।

(२) सेवामा रहेका विशेष सुरक्षा समूह तर्फका कर्मचारीले तोकिए बमोजिमका पोशाक, दर्ज्यानी चिन्ह, हातहतियार र सामानहरु पाउनेछन्।

(३) विशेष सुरक्षा समूहका कर्मचारीको काम, कर्तव्य, अधिकार तथा समूहले प्रयोग गर्ने पोशाक, दर्ज्यानी चिन्ह, हातहतियार र त्यसको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११२. **हातहतियार राख्न सक्नेः** (१) दफा ५ को उपदफा (४) बमोजिमका कर्मचारी र तोकिए बमोजिम स्वीकृति लिई अन्य कर्मचारीले आफ्नो साथमा हातहतियार राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कर्मचारीले राख्ने हातहतियार र त्यसको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११३. **विशेषज्ञको सेवा लिन सक्ने**: (१) विभागले कुनै प्राविधिक, अनुसन्धानमूलक वा अन्य विशेष प्रयोजनको लागि सम्बन्धित क्षेत्रको विशेषज्ञको सेवा लिन सक्नेछ।

(२) नेपाल सरकार वा विशिष्टिकृत निकायको कुनै कर्मचारीको विशेषज्ञ सेवा विभागलाई आवश्यक परेमा त्यस्तो कर्मचारीलाई खटाइदिन विभागले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सम्बन्धित निकायमा अनुरोध गर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुरोध भएमा सम्बन्धित निकायले त्यस्तो कर्मचारीलाई माग बमोजिम खटाउनु पर्नेछ।

(४) विशेषज्ञ सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११४. **नेपाल प्रहरीको सहयोग माग गर्न सक्ने**: (१) विभाग र मातहत कार्यालयका कर्मचारीले कामको सिलसिलामा नेपाल प्रहरीको सहयोग आवश्यक परेमा नजिकको प्रहरी कार्यालयको सहयोग लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहयोग माग गरेमा सहयोग गर्नु प्रहरीको कर्तव्य हुनेछ।

११५. **सहयोग नगरेमा जरिवाना गर्न सकिने**: दफा १०३ को उपदफा (२) बमोजिम कारवाहीका लागि लेखी आएमा सहयोग नगर्ने व्यक्ति वा पदाधिकारीलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पाँच हजार रुपैंया जरिवाना गर्न सक्नेछ।

११६. **क्षमता विकास**: (१) कर्मचारीको सीप र क्षमता विकासका लागि स्वदेश तथा विदेशमा अध्ययन, प्रशिक्षण तथा तालिमको प्रबन्ध गरिनेछ।

(२) नयाँ भर्ना भई आधारभूत तालिम लिने सेवाका कर्मचारीलाई विभागबाट आवश्यक पोसाक र तालिम सामग्री उपलब्ध गराईने छ।

(३) कर्मचारीको पेशागत क्षमता तथा नेतृत्व विकास सम्बन्धी प्रशिक्षण प्रदान गर्न विभाग मातहत केन्द्रीय इन्टेलिजेन्स शिक्षालय रहनेछ।

(४) केन्द्रीय इन्टेलिजेन्स शिक्षालय सञ्चालन र तालिम सम्बन्धी अन्य व्यवस्था अनुसन्धान महानिरीक्षकले तोके बमोजिम हुनेछ।

११७. **विदेशमा खटाउन सक्ने**: (१) अनुसन्धान महानिरीक्षकले विभागको जिम्मेवारीलाई प्रभावकारी रुपमा पूरा गर्न कर्मचारीलाई आवश्यकता अनुसार विदेशमा खटाउन सक्नेछ।

(२) विदेशमा खटाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११८. **पुरस्कारको व्यवस्था**: सेवामा उत्कृष्ट एवं प्रशंसनीय कार्य गर्ने कर्मचारीलाई तोकिए बमोजिम नगद पुरस्कार र प्रशंसा पत्र दिईनेछ।

११९. **बाधा नपर्ने**: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले कुनै सरकारी वा गैरसरकारी कार्यालय वा संस्थामा काम गर्ने वा त्यस्तो कार्यालय वा संस्थामा संलग्न व्यक्तिलाई आफ्नो कर्मचारी वा सूत्रको रुपमा नियुक्त गरी सूचना संकलनको काममा लगाउने वा सूत्र परिचालन प्रयोजनको लागि गरिएको नियुक्ति वा परिचालन गैरकानूनी भएको मानिनेछैन र त्यस्तो

अवस्थामा त्यसरी नियुक्ति भएको वा परिचालित भएको व्यक्तिले निज बहालमा रहँदा वा अवकाश भइसकेपछि पाउने वा पाएको पारिश्रमिक वा सुविधा लिन बाधा पर्नेछैन।

१२०. **<u>बरबुझारथ गर्नु पर्ने</u>**ः कर्मचारीले आफूले बुझाउनु पर्ने नगदी, जिन्सी वा कागजात ७ दिनभित्र सम्बन्धित कर्मचारीलाई बुझाई दिनु पर्नेछ र सो बुझ्नु पर्नेले पनि सोही म्यादभित्र बुझिलिनु पर्नेछ।

१२१. **<u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u>**ः अनुसन्धान महानिरीक्षकले यस ऐन बमोजिम आफूलाई प्राप्त कुनै अधिकार विभाग वा विभाग मातहतको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१२२. **<u>नियम बनाउने अधिकार</u>**ः (१) यस ऐनको सर्वमान्यताको प्रतिकुलतामा असर नपर्ने गरी नेपाल सरकारले यो ऐन कार्यान्वयन गर्न आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको विषयमा बन्ने नियमहरु सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्ने छैनः

क) प्रतिगुसचरी (काउण्टर इन्टेलिजेन्स) सम्बन्धी कार्य,

ख) सूचना संकलन सम्बन्धी विशेष व्यवस्था,

ग) गोप्य अभियान, सूत्र परिचालन र सो सम्बन्धी खर्च,

घ) आवरणका कर्मचारीको नियुक्ति र परिचालन,

ङ) आन्तरिक कार्य संचालन,

च) विशिष्टीकृत कार्यालय सम्बन्धी व्यवस्था,

छ) हातहतियार र त्यसको प्रयोग सम्बन्धी व्यवस्था,

ज) विदेशमा खटाउने सम्बन्धी व्यवस्था,

झ) विदेशी वा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क र सम्बन्ध कायम गर्ने सम्बन्धी व्यवस्था।

१२३. **<u>कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्ने</u>**ः (१) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम कार्यन्वयन गर्न मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।

१२४. **<u>खारेजी र बचाउ</u>**ः (१) नेपाल विशेष सेवा ऐन, २०४२ खारेज गरिएको छ।

(२) नेपाल विशेष सेवा ऐन, २०४२ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

१२५. **<u>रुपान्तर</u>**ः नेपाल विशेष सेवा नियमावली, २०४४ बमोजिम सेवामा कायम रहेका कर्मचारीको पदनाम यो ऐन प्रारम्भ भएपछि देहायको पदनाममा स्वतः रुपान्तर हुनेछः-

| **<u>साविकको पदनाम</u>** | | **<u>रुपान्तर भएको पदनाम</u>** |
|---|---|---|
| मुख्य अनुसन्धान निर्देशक | - | अनुसन्धान महानिरीक्षक |
| अतिरिक्त मुख्य अनुसन्धान निर्देशक | - | अनुसन्धान अतिरिक्त महानिरीक्षक |
| अनुसन्धान निर्देशक | - | अनुसन्धान नायब महानिरीक्षक |
| सह-अनुसन्धान निर्देशक | - | अनुसन्धान बरिष्ठ उपरीक्षक |

| | | |
|---|---|---|
| उप-अनुसन्धान निर्देशक | - | अनुसन्धान उपरीक्षक |
| प्रमुख अनुसन्धान अधिकृत | - | अनुसन्धान नायब उपरीक्षक |
| अनुसन्धान अधिकृत | - | अनुसन्धान निरीक्षक |
| बरिष्ठ अनुसन्धान सहायक | - | अनुसन्धान नायब निरीक्षक |
| अनुसन्धान सहायक | - | अनुसन्धान सहायक निरीक्षक |
| सूचक | - | अनुसन्धान हवल्दार |
| सहायक सूचक/सुरक्षा गार्ड | - | अनुसन्धान जवान |